राष्ट्रिय स्वतन्त्र पार्टी

## स्थानीय निर्वाचनका लागि

# उम्मेदवार छनोट रुपरेखा

## (CANDIDATE SELECTION FRAMEWORK)

२०८३

# प्रस्तावना

राजनीतिक दलहरूलाई विशिष्ट मूल्य-मान्यता र दार्शनिक आधारको जगमा बन्ने विचार र सिद्धान्तलाई आत्मसात गर्दै सङ्गठित भएर नागरिकको भरोसा र परिवर्तनको संवाहन गर्ने संस्थाको रूपमा लिइन्छ। त्यसैले त राजनीतिक दलहरू सदासर्वदा सार्वजनिक निगरानी र पहुँचमा रहनुपर्दछ। त्यसैले राजनीतिक दलमा संगठित हुन चाहने जुनसुकै तह र तप्काका नागरिकहरूलाई दल तथा दलका सबै गतिविधिमा आबद्ध हुने वैज्ञानिक, वस्तुपरक, समतामा आधारित पारदर्शी विधि तय गर्दै विविधतालाई समेट्न हरेक दलले हरदम इमान्दार प्रयास गर्नुपर्छ।

सामान्यतया नेपालमा अहिलेसम्म भएका आन्दोलन, जनविद्रोह तथा सशस्त्र द्वन्द्व (राष्ट्रिय स्वतन्त्र पार्टीले हिंसात्मक विधिलाई स्वीकार गर्दैन) को आधार हेर्ने हो भने राज्य सञ्चालनकर्ताको अकर्मण्यता, विभेद, कुशासन, भ्रष्टाचार, आसेपासे पोस्ने नीति आदिका कारण नागरिकमा उत्पन्न भएको असन्तोष र निराशा नै मुख्य देखिन्छ।

यसो हुनुको पछाडि दलहरूमा आन्तरिक लोकतन्त्रको अभाव र दलको शीर्ष नेतृत्वले व्यक्तिगत, पारिवारिक तथा सीमित समूहगत लाभका लागि दलको संरचना र दलले प्राप्त गरेको राजनीतिक वैधताको आधारमा बन्ने सरकारसमेत नियन्त्रण गर्ने परिपाटी प्रमुख कारकका रूपमा देखिन्छ। राज्य सञ्चालनको मुख्य मुहान राजनीतिक दलहरू नै हुन्; त्यसैले राज्य सञ्चालनको अवयवहरूलाई सही अर्थमा शुद्धीकरण गर्ने हो भने दलको आन्तरिक शुद्धीकरण अझ बढी आवश्यक हुन्छ। दलको नियत शुद्ध हुने, जनमत प्राप्त नेतृत्वले स्पष्ट विधि तय गर्ने र त्यसको सम्मान गर्ने प्रतिबद्धता मात्र व्यक्त गर्न सके पनि राजनीति धेरै हदसम्म सुधारतर्फ उन्मुख हुन सक्छ।

२०८२ फागुन २१ गते सम्पन्न निर्वाचनमा नेपाली नागरिकले राष्ट्रिय स्वतन्त्र पार्टीप्रति अगाध विश्वास गर्दै झन्डै दुई-तिहाइ सिटसहितको जुन ऐतिहासिक जनादेश दिएका छन्, त्यसले हाम्रो काँधमा युगान्तकारी जिम्मेवारी थपिदिएको छ। नागरिकको यो अपार विश्वास र जनादेशको अभिभारालाई न्याय गर्न तथा जनअपेक्षा अनुरूप डेलिभरी दिन स्थानीय तहमा योग्य, सक्षम, इमानदार र जनउत्तरदायी व्यक्तिहरूको नेतृत्व हुनैपर्छ। संघीय लोकतान्त्रिक गणतन्त्रमा नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिने सरकार भनेकै स्थानीय सरकार हो। त्यसैले राष्ट्रियस्तरमा प्राप्त म्यान्डेटलाई तल्लो तहसम्म सफल बनाउन स्थानीय तहको नेतृत्व सबल, सक्षम र उत्कृष्ट हुन अनिवार्य छ।

राजनीतिक दलमा सबै नागरिकको समान पहुँच र विविधतालाई सुनिश्चित गर्ने महत्त्वपूर्ण प्रक्रियामध्ये निर्वाचन एक हो। निर्वाचनका बहुआयामिक पक्षहरूमा विधि हावी हुन्छ कि व्यक्ति? नीति हावी हुन्छ कि नेता? भन्ने प्रश्नको उत्तरले नै दलको चरित्र, लोकतन्त्रप्रतिको प्रतिबद्धता र नागरिकमाझ दलको पहिचान स्थापित गर्दछ। त्यही पहिचान स्थापना गर्न नेताको घर र चोटाकोठा चाहर्ने होइन, नागरिकको मनमा बस्ने र देश, समाज तथा स्थानीय समुदाय रूपान्तरणको स्पष्ट मार्गचित्र कोर्न सक्नेहरूले मात्र निर्वाचन उठ्ने र जित्ने अवस्था निर्माण गर्न राष्ट्रिय स्वतन्त्र पार्टी स्थापनाकालदेखि नै प्रतिबद्ध छ।

यसर्थ, स्थानीय तहको नेतृत्वका लागि योग्य र सक्षम उम्मेदवारहरू छान्न पार्टीले अवलम्बन गर्ने विधि वैज्ञानिक, तथ्यपरक, पारदर्शी र सबै तहका नागरिकले अपनत्व लिने खालको हुनैपर्छ भन्ने मान्यता यस दलले अङ्गीकार

गरेको छ। नेपालको राजनीतिलाई दिशानिर्देश गर्ने विधिहरू तय गरी उम्मेदवार छनोट प्रक्रियालाई पूर्णतः लोकतान्त्रिक र उन्नत बनाउने हाम्रो अभीष्ट अभिलाषा हो।

यो दल कुनै व्यक्ति मात्रको विवेकबाट होइन, विधिबाट देश र नागरिकप्रति प्रतिबद्ध योग्य उम्मेदवार चयन हुन सक्छ भन्ने विश्वास राख्दछ। राष्ट्रिय स्वतन्त्र पार्टीको विधानमा प्रतिबिम्बित र लिखित यही मान्यतालाई आत्मसात गर्दै यस दस्तावेजमा आगामी स्थानीय तहको निर्वाचनका लागि एक भन्दा बढी आकाङ्क्षी उम्मेदवार हुने अवस्थामा अवलम्बन गरिने उम्मेदवार छनोट प्रक्रिया र रूपरेखा विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

अतः राष्ट्रिय स्वतन्त्र पार्टीको विधानको धारा ६३ को उपधारा (२) र धारा ८३ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी पार्टी केन्द्रीय समितिले यो रुपरेखा जारी गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

### १. संक्षिप्त नाम, प्रारम्भ र प्रयोग

(१) यस रुपरेखा को नाम "स्थानीय तह उम्मेदवार छनोट रूपरेखा २०८३" रहेको छ।

(२) यो रुपरेखा पार्टी केन्द्रीय समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

(३) यो रुपरेखा स्थानीय तहको आवधिक निर्वाचन तथा उपनिर्वाचनमा पार्टीको तर्फबाट प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र वडा सदस्य पदमा उम्मेदवार छनोट गर्ने प्रयोजनका लागि लागू हुनेछ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रुपरेखा मा,

(क) "विधान" भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको विधान (चौथो संशोधन, २०८३ सहित) सम्झनुपर्छ।

(ख) "पार्टी" भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टी सम्झनुपर्छ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनुपर्छ।

(घ) "पद" भन्नाले दफा ५ मा उल्लिखित पालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र वडा सदस्यको पद सम्झनुपर्छ।

(ङ) "आकांक्षी" भन्नाले यस रुपरेखा बमोजिम कुनै पदका लागि क्यान्डिडेट क्लबमा आवेदन दिने व्यक्ति सम्झनुपर्छ।

(च) "उम्मेदवार" भन्नाले यस रुपरेखा बमोजिम छनोट भई दफा २० को उपदफा (१) को खण्ड (ज) बमोजिम अन्तिम प्रमाणीकरण भएको आकांक्षी सम्झनुपर्छ।

(छ) "सक्रिय सदस्य" भन्नाले विधानको धारा १० को उपधारा (२) बमोजिमको सदस्य सम्झनुपर्छ, तर, सक्रिय सदस्यता प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा नआएसम्म केन्द्रीय समितिले धारा ८७(३) बमोजिम सामूहिक निर्णय गरी पार्टीको अद्यावधिक अभिलेखमा दर्ता भएका प्रमाणित साधारण सदस्यलाई यस प्रयोजनका सक्रिय सदस्य सरह मान्न सक्नेछ।

(ज) "निर्वाचन क्षेत्र" भन्नाले विधानको धारा २ को खण्ड (ण) बमोजिमको निर्वाचन क्षेत्र सम्झनुपर्छ र प्रारम्भिक निर्वाचनको प्रयोजनका लागि सो शब्दले सम्बन्धित पदको वडा वा पालिकालाई समेत जनाउँछ।

(झ) "प्रारम्भिक निर्वाचन" भन्नाले विधानको धारा ७ को उपधारा (३) र धारा ५० को उपधारा (२) बमोजिम उम्मेदवार छनोटका लागि पार्टी सदस्यहरूले मतदान गर्ने आन्तरिक निर्वाचन सम्झनुपर्छ।

(ञ) "मतदाता मण्डल" भन्नाले दफा १५ को उपदफा (१) बमोजिमको सक्रिय, मध्यवर्ती साङ्गठनिक वा विशिष्ट मतदाता मण्डल सम्झनुपर्छ।

(ट) "प्रारम्भिक नामावली" भन्नाले सम्बन्धित पालिका वा वडाका आकांक्षीहरूको सार्वजनिक गरिएको नामावली सम्झनुपर्छ र "कट-अफ मिति" भन्नाले त्यस्तो नामावली सार्वजनिक भएको मिति सम्झनुपर्छ।

(ठ) "कुलिङ पिरियड" भन्नाले दफा ८ बमोजिम पार्टी सदस्यता प्राप्त गरेपछि क्यान्डिडेट क्लबमा आवेदन दिन पूरा गर्नुपर्ने न्यूनतम अवधि सम्झनुपर्छ।

(ड) "ल्याटरल इन्ट्री" भन्नाले विधानको धारा ६४ को उपधारा (३) र दफा ९ बमोजिमको विशेष प्रवेश सम्झनुपर्छ।

(ढ) "परिवार" भन्नाले विधानको धारा ७ को उपधारा (१) को खण्ड (ग) बमोजिमको परिवार सम्झनुपर्छ।

(ण) "एकाघरको परिवार" भन्नाले आफूसँग एकासगोलमा रहेका पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नुपर्ने दाजु, भाइ, दिदी, बहिनी सम्झनुपर्छ।

(त) "कार्यान्वयन समिति" भन्नाले दफा २० बमोजिम गठन हुने उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समिति सम्झनुपर्छ।

(थ) "केन्द्रीय निर्वाचन आयोग" भन्नाले विधानको धारा ४९ बमोजिम गठन भएको पार्टीको केन्द्रीय निर्वाचन आयोग सम्झनुपर्छ।

(द) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस रुपरेखा अन्तर्गत कार्यान्वयन समितिले स्वीकृत गरेको कार्यविधि वा अनुसूचीमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

# परिच्छेद-२

# उम्मेदवार छनोट रूपरेखाको आधार र उद्देश्य

## ३. दलको विधान, प्रतिबद्धता र उम्मेदवार छनोट रूपरेखा

(१) राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो विधानको भाग १८ (धारा ६३, ६४ र ६५) मा व्यवस्थित उम्मेदवार छनोट रूपरेखा, क्यान्डिडेट क्लब र लिडरसिप एकेडेमीको मर्मलाई आत्मसात् गर्दै स्थानीय निर्वाचनका लागि वैज्ञानिक, वस्तुपरक, पारदर्शी र सहभागितामूलक उम्मेदवार छनोटको रूपरेखा तयार पारेको छ। यस विधिको मूल उद्देश्य पार्टीका मूल्य-मान्यता, सिद्धान्त, आदर्श र सार्वजनिक प्रतिबद्धतालाई केन्द्रमा राख्दै सम्बन्धित निर्वाचन क्षेत्रको जनअपेक्षा सम्बोधन गर्न सक्ने, स्थानीय आवश्यकतालाई राष्ट्रिय दृष्टिसँग जोड्न सक्ने र राष्ट्रिय नेतृत्वसँग प्रभावकारी सहकार्य गर्न सक्ने सक्षम नेतृत्वको पहिचान, मूल्याङ्कन तथा सिफारिस गर्नु हो। यस अभ्यासबाट पार्टीभित्रको आन्तरिक लोकतन्त्र सुदृढ हुने, निर्वाचनमा पार्टीको प्रतिस्पर्धात्मक क्षमता बढ्ने र जनविश्वास थप अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

(२) स्थापनाकालदेखि नै रास्वपाले समाजका सबै तह र तप्काका नागरिकको सहज पहुँच हुने लोकतान्त्रिक, समावेशी र उत्तरदायी दल बन्ने सार्वजनिक प्रतिबद्धता जनाउँदै आएको छ। २०६२/६३ को जनआन्दोलनदेखि हालैको 'जेन-जी' पुस्ताको विद्रोहसम्मको पृष्ठभूमि, नयाँ पुस्ताको चेतना र नागरिकले समय-समयमा दिएको परिवर्तनको जनादेशलाई सम्बोधन गर्न सक्ने गरी रास्वपा लोकतान्त्रिक तथा उदार मूल्य- मान्यता, पारदर्शिता, जवाफदेहिता र विधिको शासनको बलियो जगमा विस्तारित हुनुपर्छ भन्ने मान्यताका साथ यो रूपरेखा तय गरिएको हो।

(३) नेपाली राजनीतिमा सबैभन्दा धेरै दुरुपयोग भएको र विकृत बनेको क्षेत्रमध्ये उम्मेदवार चयन प्रक्रिया एक हो। अन्तिम समयमा मात्र उम्मेदवार घोषणा हुने, बन्द कोठाभित्रको सानो घेराबाट निर्णय लिइने, शक्तिसन्तुलनको अनुचित खेल हुने, नातासम्बन्ध, पहुँच, चाकडी, गुटगत प्रभाव, आर्थिक हैसियत तथा पैसा र बाहुबल (मनी र मसल) को डरलाग्दो प्रभाव पर्ने प्रवृत्तिले उम्मेदवार छनोटमा नागरिकको मन जित्नेहरू होइन, शक्तिकेन्द्रलाई रिझाउनेहरू हावी भएको तितो यथार्थ हामीसामु छ। स्थानीय तहको निर्वाचन पनि यसबाट अछुतो रहन सकेन। परिणामस्वरूप, स्थानीय तहले सही अर्थमा सरकारको अनुभूति दिन सकेनन् भने धेरै पालिकाहरूले आफ्नो सम्भावनालाई यथार्थमा बदल्न चुके।

(४) यही परिप्रेक्ष्यमा रास्वपाले "फरक राजनीति चर्का भाषणमा होइन, आन्तरिक सुशासनमा देखिनुपर्छ" भन्ने मान्यतालाई दृढतापूर्वक आत्मसात् गरेको छ। गत आम निर्वाचनको विशेष परिस्थितिमा प्रत्यक्ष र समानुपातिक उम्मेदवार छनोटलाई वैज्ञानिक, खुला र प्रतिस्पर्धात्मक बनाउने कोसिसमा कमी रहेको तथ्यलाई स्वीकार्दै पार्टीले अबका दिनमा पूर्णतः विधि, पद्धति र प्रमाणमा आधारित मार्ग अवलम्बन गर्ने नीति लिएको छ। हाम्रो विश्वास स्पष्ट छ; उम्मेदवार नेताको निगाहबाट होइन, नागरिकको भरोसा, पार्टीको मूल्य-मान्यता, सार्वजनिक आचरण, नेतृत्व क्षमता र संस्थागत मूल्याङ्कनबाट तय हुनुपर्छ।

(५) स्थानीय तह नागरिकको दैनिक जीवनसँग सबैभन्दा नजिकको सरकार भएकाले त्यहाँको नेतृत्व केवल चुनाव जित्ने पात्र मात्र होइन, सेवा प्रवाह सुधार्ने, सुशासन कायम गर्ने, स्थानीय अर्थतन्त्र चलायमान बनाउने, नागरिक सहभागिता बढाउने र संघीय लोकतान्त्रिक गणतन्त्रलाई नागरिकको घरदैलोमा अनुभूत गराउने नेतृत्व हुनुपर्छ। त्यसैले रास्वपाले स्थानीय तहको उम्मेदवार छनोटलाई निर्वाचन व्यवस्थापनको सामान्य विषय मात्र नभई, राज्य पुनर्निर्माणको आधारभूत राजनीतिक प्रक्रिया मानेको छ।

(६) यो रूपरेखाले महिला, युवा, सीमान्तकृत समुदायलाई बाध्यात्मक उपस्थिति वा संख्या पुर्‍याउने औपचारिकतामा मात्र सीमित नराखी नेतृत्वदायी भूमिकामा स्थापित गर्ने लक्ष्य राखेको छ। समावेशिता बाध्यता होइन, लोकतान्त्रिक न्यायको आधार हुनुपर्छ भन्ने कुरामा पार्टी स्पष्ट छ। त्यसैले समाजको वास्तविक बहुविविधता प्रतिबिम्बित हुने, सामाजिक स्वीकार्यता भएका, नैतिकवान व्यक्तिहरूलाई क्षमताका आधारमा प्रतिस्पर्धा गराई विधिमार्फत अघि सार्नु पार्टीको प्राथमिकता हुनेछ।

(७) उम्मेदवार छनोटको यो विधि उन्नत लोकतन्त्रका विश्वव्यापी अभ्यास, सहभागितामूलक लोकतन्त्रप्रतिको रास्वपाको प्रतिबद्धता र नेपाली समाजको आफ्नै राजनीतिक अनुभवको जगमा उभिएको छ। लोकतन्त्रप्रतिको निष्ठा केवल संविधान, वाचापत्र वा सार्वजनिक भाषणबाट होइन, दलभित्र हुने निर्णय प्रक्रियाबाट प्रमाणित हुन्छ भन्ने हाम्रो दृढ विश्वास छ। त्यसैले "किन त्यो नभएर यो उम्मेदवार छानियो?" भन्ने पार्टी सदस्य र आमनागरिकको प्रश्नको जवाफ भावना, प्रभाव वा नेतृत्वको व्यक्तिगत निर्णयबाट होइन, विधिको जगमा प्राप्त प्रमाण, मूल्याङ्कन, दस्तावेज र प्रक्रियाबाट दिन सकिने गरी हामी आफ्नै विधिबाट निर्देशित हुन तयार छौँ।

(८) यो प्रक्रिया आफैँमा पूर्णताको घोषणा होइन; सुधारतर्फको संस्थागत यात्रा हो। एउटा सामूहिक संस्थाका रूपमा यसको अभ्यास गर्ने क्रममा यदाकदा कमीकमजोरी हुन सक्छन्। तर असल नियतका साथ भएका त्रुटिहरूलाई स्वीकार्ने, रचनात्मक सुझावहरू ग्रहण गर्ने, कमजोरी सच्याउने र प्रत्येक निर्वाचन चक्रसँगै प्रक्रियालाई थप परिष्कृत बनाउँदै लैजाने साहस नै रास्वपाको राजनीतिक संस्कार हुनेछ। दलको आन्तरिक लोकतन्त्र सुदृढीकरण, दलप्रति आस्थावान् हरेक नागरिकलाई उम्मेदवारी प्रक्रियामा समता सहितको अवसरको सुनिश्चितता, योग्यताको सम्मान, समावेशिताको संरक्षण, जनमतप्रतिको जवाफदेहिता र निरन्तर सुधारप्रतिको प्रतिबद्धता नै हाम्रो लोकतान्त्रिक चरित्रको मूल प्रस्थानबिन्दु हो।

## ४. उम्मेदवार छनोट रूपरेखाका विशिष्ट उद्देश्यहरू

### (१) वैज्ञानिक र वस्तुपरक छनोट प्रणाली स्थापना गर्ने

उम्मेदवार छनोटको समग्र रूपरेखालाई पहुँच, प्रभाव वा व्यक्तिगत लहडमा नभई तथ्य, स्पष्ट मापदण्ड, प्रमाण र मापनयोग्य आधारहरूमा टेकेर वैज्ञानिक तथा वस्तुपरक बनाउने।

### (२) पूर्ण दस्तावेजीकरण र पारदर्शिता सुनिश्चित गर्ने

कुनै पनि उम्मेदवार कसरी, कुन आधारमा र कुन प्रक्रियाबाट छानियो भन्ने कुरा भविष्यमा जोकोहीले पनि स्पष्ट रूपमा हेर्न, बुझ्न र परीक्षण गर्न सक्ने गरी छनोटका सम्पूर्ण चरण, मूल्याङ्कन, सिफारिस र निर्णय प्रक्रियाहरूको अनिवार्य तथा व्यवस्थित दस्तावेजीकरण गर्ने।

**(३) नेतृत्व विकास र अनिवार्य पूर्व-तयारी संस्थागत गर्ने**

उम्मेदवार छनोट प्रक्रियामा प्रवेश गर्नुपूर्व सम्पूर्ण आकांक्षीहरूलाई स्थानीय शासन, नागरिक सेवा, नीति-निर्माण, सुशासन, सार्वजनिक वित्त, नागरिक सहभागिता र बहुआयामिक नेतृत्वका पक्षहरूमा पार्टीकै संयन्त्रमार्फत प्रशिक्षित गराई भावी जिम्मेवारीका लागि तयार गर्ने कुरालाई अनिवार्य बनाउने।

**(४) स्थानीय आवश्यकता र प्रभावकारी सेवा प्रवाहमा केन्द्रित नेतृत्व पहिचान गर्ने**

स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा पूर्वाधारगत आवश्यकता बुझेका, नागरिकस्तरमा भिजेका र स्थानीय स्रोतसाधनको अधिकतम परिचालनमार्फत नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्न सक्ने जनउत्तरदायी उम्मेदवारको पहिचान गर्ने।

**(५) आन्तरिक लोकतन्त्रको सुदृढीकरण गर्ने**

वडादेखि पालिकासम्मका समितिहरूको अधिकार र जिम्मेवारीलाई सन्तुलित गर्दै पार्टीभित्र तल्लो तहबाटै लोकतान्त्रिक, सहभागितामूलक र प्रतिस्पर्धात्मक अभ्यासलाई बलियो बनाउने।

**(६) समतामूलक अवसर र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने**

महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडिएको क्षेत्र तथा उल्लिखित क्लस्टरहरूभित्रका भिन्नता र विविधतालाई सम्बोधन गर्दै सबैलाई उम्मेदवारी प्रक्रियामा समतामूलक अवसर उपलब्ध गराउँदै समाजको वास्तविक बहुविविधता प्रतिबिम्बित हुने नेतृत्व निर्माण गर्ने।

**(७) निष्ठा, नैतिकता र सार्वजनिक आचरणलाई छनोटको आधार बनाउने**

सार्वजनिक आचरण, इमानदारी, वित्तीय पारदर्शिता, स्वार्थको द्वन्द्वबाट मुक्त अवस्था, कानुनी तथा सामाजिक विश्वसनीयता र लोकतान्त्रिक संस्कारलाई पनि मूल्याङ्कनको महत्त्वपूर्ण आधार बनाउने।

**(८) स्थानीय लोकप्रियता र निर्वाचन जित्ने क्षमताको परीक्षण गर्ने**

सम्बन्धित क्षेत्रका पार्टी सदस्य, स्थानीय संरचना, समुदाय र नागरिकसँग उम्मेदवारको सम्बन्ध, स्वीकार्यता, जनविश्वास, संगठनात्मक क्षमता र निर्वाचनमा प्रतिस्पर्धा गर्न सक्ने वास्तविक सम्भावनाको परीक्षण गर्ने।

**(९) स्थानीय सरकारलाई परिणाममुखी बनाउने नेतृत्व तयार गर्ने**

स्थानीय सरकारलाई सुशासन, सेवा प्रवाह, आर्थिक विकास, सामाजिक न्याय, पूर्वाधार, शिक्षा, स्वास्थ्य, वातावरण र नागरिक सहभागिताका क्षेत्रमा परिणाममुखी रूपमा अघि बढाउन सक्ने नेतृत्व होस् भन्ने सुनिश्चित गर्ने।

### (१०) पार्टीको मूल्य-मान्यता र राष्ट्रिय दृष्टिसँग स्थानीय नेतृत्वलाई जोड्ने

स्थानीय तहका उम्मेदवारहरूलाई पार्टीको मूल सिद्धान्त, राष्ट्रिय दृष्टिकोण, नीति तथा सुशासनको एजेन्डासँग आबद्ध गराउँदै, स्थानीय आवश्यकता र सम्भावनाको गहिरो बोध भएको सक्षम नेतृत्वका रूपमा विकास गर्ने।

### (११) निरन्तर सुधार र संस्थागत सिकाइको प्रणाली विकास गर्ने

प्रत्येक निर्वाचन चक्रपछि उम्मेदवार छनोट प्रक्रियाको समीक्षा, मूल्याङ्कन, कमजोरी पहिचान र सुधार गर्दै जाने व्यवस्था मिलाई पार्टीभित्र दीर्घकालीन संस्थागत सिकाइ र परिष्कृत लोकतान्त्रिक अभ्यासको संस्कार विकास गर्ने।

### (१२) उम्मेदवारको अभिभावकत्व

उम्मेदवारको नैतिक, पेशागत र क्षमतागत विकास गर्दै उसलाई सांगठनिक संरक्षण, भरोसा र दरिलो अपनत्वको अनुभूति गराउने। उम्मेदवारको गरिमा रक्षा गर्दै उच्च मनोबलका साथ समाजमा एक परिपक्व, उत्तरदायी र भरोसायोग्य नेतृत्वका रूपमा स्थापित गर्ने।

# परिच्छेद-३

# निर्वाचन प्रणाली र उम्मेदवार छनोटको आधारभूत प्रारूप

## ५. भाग लिने निर्वाचन प्रणाली

राज्यका सबै तह र संरचनाहरू चुस्त, प्रभावकारी, मितव्ययी र नागरिक उत्तरदायी हुँदै नागरिकलाई सुशासनको प्रत्याभूति दिनुपर्छ भन्ने विषयमा राष्ट्रिय स्वतन्त्र पार्टी स्पष्ट छ। स्थानीय संरचनाका बहुआयामिक सुधारका लागि पार्टी निरन्तर सार्वजनिक विमर्शमा रहँदै आएको छ। नागरिकको अभिमत, तथ्यगत आवश्यकता र संवैधानिक प्रक्रियाका आधारमा आवश्यक सुधारहरू संविधान संशोधन तथा विधिसम्मत प्रक्रियाबाटै सुनिश्चित गरिनुपर्छ भन्ने पार्टीको मान्यता छ।

यस नीतिगत स्पष्टताका साथ, नेपालको वर्तमान संविधान र प्रचलित निर्वाचन कानुनको दायराभित्र रहेर राष्ट्रिय स्वतन्त्र पार्टी स्थानीय तहको निर्वाचनमा सहभागी हुनेछ।

स्थानीय तह निर्वाचनअन्तर्गत गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा प्रत्यक्ष मतदानमार्फत जनप्रतिनिधिहरू निर्वाचित हुन्छन्। यस संरचनाअन्तर्गत निर्वाचन हुने मुख्य पदहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ:

**पालिका तहः**

- गाउँपालिका प्रमुख (अध्यक्ष)
- गाउँपालिका उपप्रमुख (उपाध्यक्ष)
- नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिका प्रमुख (मेयर)
- नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिका उपप्रमुख (उपमेयर)

**वडा तहः**

- वडा अध्यक्षः १ जना
- खुला वडा सदस्यः २ जना
- महिला वडा सदस्यः १ जना
- दलित महिला वडा सदस्यः १ जना

यसरी प्रत्येक मतदाताले स्थानीय तहको निर्वाचनमा आफ्नो पालिकाको प्रमुख, उपप्रमुख, आफ्नो वडाको अध्यक्ष र ४ जना वडा सदस्य गरी जम्मा ७ वटा पदका लागि मतदान गर्छन्।






यसै संरचनाभित्र रहेर राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी स्थानीय तह निर्वाचनमा उम्मेदवार छनोट, नेतृत्व विकास, प्रारम्भिक निर्वाचन, समावेशी प्रतिनिधित्व र जनउत्तरदायी नेतृत्व निर्माणको प्रक्रिया अघि बढाउनेछ।

## ६. स्थानीय निर्वाचन: उम्मेदवार छनोटको आधारभूत प्रारूप

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट स्थानीय तहको निर्वाचनमा उम्मेदवार बन्न चाहने सम्पूर्ण आकांक्षीहरूका लागि योग्यता, क्षमता र पारदर्शी मूल्याङ्कनमा आधारित निम्न प्रक्रिया अनिवार्य गरिएको छ:

| क्यान्डिडेट क्लबमा आवेदन | लिडरसिप एकेडेमीमा प्रशिक्षण | छनोट रूपरेखामा आधारित परीक्षण |
|---|---|---|

### (१) क्यान्डिडेट क्लबमा आवेदन

उम्मेदवार बन्न इच्छुक कुनै पनि व्यक्तिले सर्वप्रथम पार्टीको क्यान्डिडेट क्लबमा औपचारिक आवेदन दर्ता गर्नुपर्नेछ। यस प्रारम्भिक चरणमा आकांक्षीहरूको व्यक्तिगत पृष्ठभूमि, विज्ञता र आधारभूत योग्यताको तथ्याङ्क सङ्कलन तथा परीक्षण गरिनेछ।

स्थानीय निर्वाचनलाई लक्षित गरी सुरू हुने क्यान्डिडेट क्लबमा पालिकाका प्रमुख (मेयर/अध्यक्ष), उपप्रमुख (उपमेयर/ उपाध्यक्ष), वडा अध्यक्ष र वडा सदस्य पदका आकांक्षीहरूले आवेदन दिनेछन्।

**नोट:** माथि उल्लेखित पदका लागि आवश्यकता र परिस्थितिअनुसार गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको क्यान्डिडेट क्लब एकैपटक वा फरक-फरक समयमा सुरु हुन सक्नेछ।

# परिच्छेद-४
# क्यान्डिडेट क्लब, योग्यता र प्रवेश

## ७. क्यान्डिडेट क्लबमा सहभागी हुन चाहिने योग्यता

नेपालको संविधान, स्थानीय तह निर्वाचन ऐन, राष्ट्रिय स्वतन्त्र पार्टीको विधान र स्थानीय उम्मेदवार छनोटका विश्वव्यापी मान्यतालाई आधार बनाई यो रूपरेखाले निम्न योग्यताहरूलाई अनिवार्य सर्तका रूपमा राखेको छ:

**(१) संवैधानिक तथा कानुनी योग्यता:**

**(अ) स्थानीय तह निर्वाचन ऐन१२ को दफा २०७३ , अनुसार**

(क) नागरिकता: नेपाली नागरिक भएको।

(ख) उमेर: निर्वाचन आयोगले तोकेको मनोनयन पत्र दर्ता गर्ने अन्तिम मितिसम्म २१ वर्ष उमेर पूरा भएको।

(ग) मतदाता नामावली: सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा नाम समावेश भएको।

(घ) कानुनी योग्यता: कुनै कानुनले उम्मेदवार हुन अयोग्य नठहर्याएको।

**(आ) स्थानीय तह निर्वाचन ऐन,२०७३ दफा १३ अनुसार उम्मेदवारको अयोग्यता**

स्थानीय तह निर्वाचन ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ:

(क) स्थानीय तह निर्वाचन ऐनको दफा १२ बमोजिमको योग्यता नभएको,

(ख) गैरनेपाली नागरिक,

(ग) नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(घ) कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनका लागि "स्थानीय तह" भन्नाले यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समितिलाई समेत जनाउँछ।

(ङ) निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगेको मितिले दुई वर्ष पूरा नभएको,

(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री-वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसुरमा जन्मकैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(छ) सङ्गठित अपराधसम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसुरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) जातीय भेदभाव तथा छुवाछुत, बोक्सी वा बहुविवाहसम्बन्धी कसुरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(झ) खण्ड (च) र (छ) मा उल्लिखित कसुरबाहेक अन्य कसुरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ञ) प्रचलित कानुनबमोजिम कालोसूचीमा रहेकोमा सो अवधिभर,

(ट) कैदमा बसेकोमा कैद बसेको अवधिभर,

(ठ) मानसिक सन्तुलन ठीक नभएको,

(ड) प्रचलित कानुनबमोजिम अयोग्य रहेको।

**(२) पार्टीको विधानबमोजिमका योग्यता**

**(क) सदस्यता:** विधानको धारा ११ बमोजिम पार्टी सदस्य हुने योग्यता कायम रहेको तथा धारा १०(२) र १६(१) बमोजिम पार्टीको सक्रिय सदस्य भएको। तर, सक्रिय सदस्यता प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा नआएसम्म केन्द्रीय समितिले धारा ८७(३) बमोजिम सामूहिक निर्णय गरी पार्टीको अद्यावधिक अभिलेखमा दर्ता भएका प्रमाणित साधारण सदस्यलाई यस प्रयोजनका लागि योग्य मान्न सक्नेछ।

**(ख) वैचारिक प्रतिबद्धता:** सुशासन, पारदर्शिता र नागरिक उत्तरदायित्वको मूल मर्मलाई आत्मसात् गर्दै पार्टीको विधान, प्रस्तावना र पार्टीका मूल्य-मान्यता प्रस्ट्याउने अन्य आधिकारिक दस्तावेजहरूप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको।

**(ग) अन्य दलको सदस्यता त्याग गरेको:** क्यान्डिडेट क्लबमा आवेदन दिनुपूर्व अन्य कुनै पनि राजनीतिक दलको सदस्य नरहेको वा त्यस्तो सदस्यता विधिवत् रूपमा त्याग गरिसकेको।

**(घ) तथ्यगत र समयबद्ध परिणामप्रति सङ्कल्प:** वस्तुगत कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा सामेल हुन तयार रहँदै, उम्मेदवार छनोट प्रक्रियामा पूर्ण रूपमा सहभागी हुन मञ्जुर रहेको।

**(ङ) दस्तावेज प्रस्तुत गर्न मञ्जुर रहेको:** पार्टीको विधान र उम्मेदवार छनोट रूपरेखाले माग गरेबमोजिमका अनिवार्य कागजातहरू, जस्तै: अद्यावधिक सम्पत्ति विवरण, प्रहरी चारित्रिक प्रमाणपत्र आदि मागिएका बखत विधिवत् रूपमा प्रस्तुत गर्न मञ्जुर रहेको।

**(३) थप प्रणालीगत योग्यता तथा अनिवार्य स्वघोषणा**

क्यान्डिडेट क्लब आवेदनका लागि स्थानीय तह निर्वाचन ऐनले निर्दिष्ट गरेका कानुनी र विधानले तोकेका योग्यताबाहेक आकांक्षीले निम्न विषयहरूमा स्पष्ट प्रमाण वा स्वघोषणा पेस गर्नुपर्नेछ:

**(क) शैक्षिक प्रमाणपत्रको प्रमाणीकरण:** आफूले आवेदनमा पेस गरेका सम्पूर्ण शैक्षिक विवरण र प्रमाणपत्रहरू पूर्णतः सक्कली रहेको र पार्टीको संयन्त्र वा सम्बन्धित निकायले जुनसुकै बेला प्रमाणीकरण गर्दा सही ठहरिने स्वघोषणा।

**(ख) वैवाहिक अवस्थाको कानुनी स्पष्टता:** आफ्नो पारिवारिक र वैवाहिक अवस्था कानुनी रूपमा पूर्णतः वैध र स्पष्ट रहेको तथा यससम्बन्धी कुनै पनि प्रकारको लुकाइएको वा विवादित अवस्था नरहेको स्वघोषणा।

**(ग) दुर्व्यवहार तथा डिजिटल अपराधः** कुनै प्रकारको घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार वा सार्वजनिक स्थलमा अमर्यादित व्यवहारमा संलग्न नरहेको। साथै, सामाजिक सञ्जालको दुरुपयोग गरी साइबर बुलिङ, चरित्र हत्या, अनलाइन ठगी वा अन्य कुनै पनि प्रकारको डिजिटल दुर्व्यवहारमा आफ्नो संलग्नता नरहेको स्पष्ट स्वघोषणा।

**(घ) वित्तीय तथा आर्थिक शुद्धता:** मिटरब्याज, सट्टेबाजी, हप्ताअसुली, ढुकुटी, हुन्डी वा सहकारी संस्थाको बचत अपचलनजस्ता कुनै पनि प्रकारका अनौपचारिक तथा अवैध आर्थिक कारोबारमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न नरहेको स्वघोषणा।

**(ङ) स्वार्थ बाझिने अवस्था:** आफूले उम्मेदवारी दिन चाहेको पालिका वा वडाअन्तर्गत सञ्चालित कुनै पनि विकास निर्माण, ठेक्कापट्टा, खरिद प्रक्रिया, उपभोक्ता समिति वा सार्वजनिक आपूर्तिमा आफ्नो वा एकाघरको परिवारको स्वामित्वमा रहेको व्यावसायिक फर्मको प्रत्यक्ष संलग्नता अर्थात् स्वार्थ बाझिने अवस्था विद्यमान भए वा नभएको यथार्थ विवरण खुलाउने स्वघोषणा।

**(च) विचाराधीन मुद्दा तथा कानुनी विवादको स्पष्टता:** अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा अन्य कुनै पनि न्यायिक/अर्धन्यायिक निकायमा आफ्नो विरुद्ध कुनै पनि प्रकारको फौजदारी, भ्रष्टाचार, ठगी वा गम्भीर प्रकृतिको देवानी मुद्दा विचाराधीन अवस्थामा रहे/नरहेको स्पष्ट विवरण सम्बन्धी जानकारी

### (४) थप व्यवस्थाः

**(क) सङ्घ र स्थानीय तहको दोहोरो प्रक्रियामा रोकः**

पार्टीको प्रणालीगत शुद्धता कायम राख्न एउटै निर्वाचन चक्रभित्र सङ्घीय निर्वाचन अर्थात् प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी भइसकेका व्यक्तिहरू सोही चक्रको स्थानीय तह निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन पाउने छैनन्। यद्यपि २०८२ को संघीय निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा उत्पन्न विशेष परिस्थितिका कारण उक्त उम्मेदवार छनोट प्रक्रियामा सहभागी भएका निम्न व्यक्तिहरू यो पटकको स्थानीय निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा निम्नानुसार सहभागी हुन पाउनेछन्/ छैनन्

पाउने अवस्थाः प्रक्रियामा सहभागी भएका तर टिकट नपाएका वा बन्दसूचीमा नाम नभएका पार्टी सदस्यहरूले पालिका प्रमुख (मेयर/अध्यक्ष), उपप्रमुख (उपमेयर/उपाध्यक्ष) पदमा आवेदन दिन पाउनेछन्।

नपाउने अवस्थाः संघीय सांसद, टिकट पाएर पराजित र समानुपातिक बन्दसूचीमा नाम समावेश भएकाहरूले कुनै पनि पदमा आवेदन दिन पाउने छैनन्।

**(ख) स्थानीय तहको निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुनेहरूको प्रदेश तहको उम्मेदवार छनोट प्रक्रियामा सहभागिताबारेः**

(अ) पार्टीको आन्तरिक उम्मेदवार छनोट प्रक्रियाबाट आधिकारिक रूपमा छनोट भई स्थानीय तहको निर्वाचनमा सहभागी भएका पार्टी सदस्यहरूले सोही निर्वाचन चक्रभित्र हुने प्रदेश सभा सदस्य निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन पाउने छैनन्।

## ८. कुलिङ पिरियड सम्बन्धी व्यवस्था

क्यान्डिडेट क्लबमा आवेदन दिन चाहने आकांक्षीहरूको हकमा पार्टी सदस्यता प्राप्त गरेको समयावधिका आधारमा निम्नानुसारको कुलिङ पिरियड लागू हुनेछः

**(१) पालिका प्रमुख, उपप्रमुख र वडा अध्यक्षका हकमाः**

**(क) पहिलो राजनीतिक आबद्धता भएको व्यक्तिको हकमाः**

आफ्नो जीवनकालमै पहिलोपटक कुनै राजनीतिक दलको सदस्य बनेको अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टी नै पहिलो राजनीतिक दल रहेको व्यक्तिको हकमा पार्टी सदस्यता प्राप्त गरेको कम्तीमा ४५ दिन पूरा भएको हुनुपर्नेछ।

**(ख) अन्य दलबाट प्रवेश गरेको व्यक्तिको हकमाः**

अन्य राजनीतिक दल त्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यता लिएको व्यक्तिको हकमा पार्टी सदस्यता प्राप्त गरेको कम्तीमा ९० दिन पूरा भएको हुनुपर्नेछ।

**(२) वडा सदस्यका हकमाः**

**(क) पहिलो राजनीतिक आबद्धता भएको व्यक्तिको हकमाः**

आफ्नो जीवनकालमै पहिलोपटक कुनै राजनीतिक दलको सदस्य बनेको अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टी नै पहिलो राजनीतिक दल रहेको व्यक्तिको हकमा पार्टी सदस्यता प्राप्त गरेको कम्तीमा ३ दिन पूरा भएको हुनुपर्नेछ।

**(ख) अन्य दलबाट प्रवेश गरेको व्यक्तिको हकमा:**

अन्य राजनीतिक दल त्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यता लिएको व्यक्तिको हकमा पार्टी सदस्यता प्राप्त गरेको कम्तीमा ७ दिन पूरा भएको हुनुपर्नेछ।

**(३)** सदस्यता आवेदन दिएको सम्पूर्ण योग्यता पुगेको, शुल्क तिरेको व्यक्तिको सदस्यता पार्टीका कारणले विलम्ब भएको अवस्थामा आवेदन दिएको मितिबाट माथि उल्लेखित दिनहरू गणना गरिनेछ।

## ९. ल्याटरल इन्ट्री सम्बन्धी व्यवस्था

विशेष परिस्थितिमा समाजका प्रतिष्ठित, विज्ञ, सार्वजनिक रूपमा स्वच्छ छवि भएका वा पार्टीलाई आवश्यक पर्ने विशेष क्षमता भएका व्यक्तिहरूका हकमा कुलिङ पिरियडको अवधि पूरा नभए पनि पार्टीको सदस्यता लिई ल्याटरल इन्ट्री मार्फत क्यान्डिडेट क्लबमा आवेदन दिने अनुमति दिन सकिनेछ। यसका लागि पद र तहअनुसार निम्न औपचारिक लिखित सहमति अनिवार्य हुनेछ:

**(१) वडा तहको हकमा:**

वडा अध्यक्ष पदका लागि क्यान्डिडेट क्लबमा आवेदन दिन सम्बन्धित पालिका समिति र जिल्ला समितिको औपचारिक लिखित सहमति अनिवार्य हुनेछ।

**(२) गाउँपालिका तथा नगरपालिका तहको हकमा:**

गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष तथा नगरपालिकाका मेयर/उपमेयर पदका लागि क्यान्डिडेट क्लबमा आवेदन दिन सम्बन्धित जिल्ला समिति र प्रदेश समितिको औपचारिक लिखित सहमति अनिवार्य हुनेछ।

**(३) उपमहानगरपालिका तथा महानगरपालिका तहको हकमा:**

उपमहानगरपालिका र महानगरपालिकाका प्रमुख/उपप्रमुख अर्थात् मेयर/उपमेयर पदका लागि क्यान्डिडेट क्लबमा आवेदन दिन केन्द्रीय समितिको औपचारिक लिखित सहमति अनिवार्य हुनेछ।

**(४) ल्याटरल इन्ट्रीमार्फत आवेदन दिनेहरू र लिनेहरूका लागि अनिवार्य सर्त**

माथि उल्लेखित ल्याटरल इन्ट्रीको व्यवस्थाले केवल कुलिङ पिरियडको समयावधिमा मात्र छुट दिनेछ। यस विशेष व्यवस्थाअन्तर्गत आवेदन दिने जो-कोही व्यक्तिका लागि पनि पार्टीको लिडरसिप एकेडेमीको प्रशिक्षण तथा उम्मेदवार छनोट प्रक्रियामा सहभागिता अनिवार्य रहनेछ।

ल्याटरल इन्ट्रीको आवेदन स्वीकृत वा अस्वीकृत गर्नुको कारण सम्बन्धित तह वा अधिकारीले स्पष्ट खुलाउनुपर्नेछ। यदि आवेदकलाई आवेदन स्वीकृत गर्ने तहले बदनियत राखेर अस्वीकृत गरेको भन्ने लागेमा, त्यसभन्दा माथिल्लो तहमा आफ्नो भनाइ वा उजुरी राख्न पाउने अनिवार्य व्यवस्था मिलाउनुपर्नेछ। साथै, आवेदन अस्वीकृत गर्ने तहले सोको कारण आफूभन्दा माथिल्लो तहमा स्पष्ट पार्नुपर्नेछ।

# परिच्छेद-५

# उम्मेदवार मूल्याङ्कनका आधार र भाराङ्क

## १०. उम्मेदवार परीक्षण तथा छनोटका आधारहरू

निर्वाचनमा पार्टीको प्रतिनिधित्वलाई तथ्यमा आधारित, पारदर्शी र वैज्ञानिक बनाउन उम्मेदवार छनोटका मापदण्डहरू पूर्णतः स्पष्ट र मापनयोग्य बनाउनु आवश्यक छ। तह र प्रकृतिअनुरूप कारक मूल्याङ्कन विधिको प्रयोग गरी विभिन्न मापदण्डहरूलाई निश्चित भाराङ्क प्रदान गरिनेछ। उम्मेदवारको अन्तिम चयन तिनै निर्धारित मापदण्डका सूचकहरूमा उम्मेदवारले प्राप्त गरेको कुल प्राप्ताङ्कको समष्टिका आधारमा गरिनेछ।

यस छनोट प्रक्रियालाई व्यवस्थित र उत्तरदायी बनाउन निम्न चारवटा मूल मापदण्डहरू उम्मेदवार छनोटका अपरिहार्य मार्गनिर्देशक सिद्धान्त र अनिवार्य सर्त हुनेछन्:

| क्रम | मूल मापदण्ड |
|---|---|
| १ | लिडरसिप एकेडेमी |
| २ | पोलिटिकल प्रोक्सिमिटी |
| ३ | समावेशिता |
| ४ | प्रारम्भिक निर्वाचन |

## ११. लिडरसिप एकेडेमी (भाराङ्क: २५%)

क्यान्डिडेट क्लबमा दर्ता भएका सम्पूर्ण आकांक्षीहरूले नेतृत्व विकास र वैचारिक स्पष्टताका लागि पार्टीको लिडरसिप एकेडेमीमार्फत प्रशिक्षित र परीक्षित हुनुपर्नेछ। लिडरसिप एकेडेमीको आन्तरिक मूल्याङ्कनलाई कुल १०० पूर्णाङ्कमा विभाजन गरिनेछ। आकांक्षीले लिडरसिप एकेडेमीका विभिन्न सूचकहरूमा प्राप्त गरेको प्राप्ताङ्कलाई समग्र उम्मेदवार छनोटको २५ प्रतिशत भाराङ्कअन्तर्गत अन्तिम नतिजामा समावेश गरिनेछ। लिडरसिप एकेडेमीका निम्न अनिवार्य व्यवस्थाहरू रहनेछन्:

### (१) अनिवार्य प्रशिक्षण:

राजनीतिक संस्कार, नीतिगत स्पष्टता, जनसेवा र स्थानीय सुशासनका विविध आयामहरूमा आकांक्षीहरूलाई पूर्वनिर्धारित मोड्युलमार्फत अनिवार्य रूपमा प्रशिक्षित गरिनेछ।

### (२) योग्यताको कसी तथा अनिवार्य छनोट चरण:

क्यान्डिडेट क्लबमार्फत जोडिएका आकांक्षीहरूका लागि यो पहिलो र निर्णायक परीक्षण हुनेछ। एकेडेमीको परीक्षणमा तोकिएको न्यूनतम मापदण्ड पार गरी उत्तीर्ण हुने आकांक्षीहरूले मात्र उम्मेदवार छनोटको थप प्रक्रियामा प्रवेश पाउनेछन्। अनुत्तीर्ण हुनेहरू उम्मेदवार छनोटको बाँकी प्रक्रियाबाट स्वतः बाहिरिनेछन्।

**(३) प्राप्ताङ्कको निरन्तरता:**

एकेडेमीको मूल्याङ्कन केवल 'उत्तीर्ण वा अनुत्तीर्ण' को कसीमा मात्र सीमित रहने छैन। पार्टीभित्र योग्यता-तन्त्र अर्थात् मेरिटोक्रेसीलाई स्थापित गर्न यस परीक्षणमा आकांक्षीले प्राप्त गरेको अङ्कलाई अन्तिम उम्मेदवार छनोटको कुल समष्टिगत मूल्याङ्कनसम्म प्रत्यक्ष रूपमा क्यारी फरवार्ड गरिनेछ।

## १२. स्थानीय निर्वाचन लक्षित लिडरसिप एकेडेमीको पाठ्यक्रम तथा प्रशिक्षण व्यवस्था

निर्वाचित हुने पदको कार्यप्रकृति र क्षेत्राधिकार फरक हुने भएकाले लिडरसिप एकेडेमीको देहायबमोजिमको पाठ्यक्रमलाई हाइब्रिड प्रशिक्षण मोडल अवलम्बन गरी सञ्चालन गरिनेछ। लिडरसिप एकेडेमीको प्रशिक्षण मोडल र परीक्षण विधिसम्बन्धी थप व्यवस्थाको दस्तावेजीकरण गरी अनुसूचीका रूपमा यही रूपरेखाको अभिन्न अंग रहनेछ।

**(१) आधारभूत तथा अनिवार्य साझा खण्ड**

यस खण्डअन्तर्गत वडा सदस्यदेखि पालिका प्रमुखसम्मका सबै आकांक्षीले देहायका दसवटा विषयगत मोड्युलमा अनिवार्य रूपमा प्रशिक्षण लिई तोकिएको योग्यता परीक्षण उत्तीर्ण गर्नुपर्नेछ:

**(क) पार्टीको राजनीतिक दर्शन, वैचारिक स्पष्टता र सांगठनिक संस्कार**

**राजनीतिक दर्शन र सिद्धान्त:** पार्टीको मूल राजनीतिक विचारधारा, लोकतान्त्रिक मूल्य-मान्यता र राजनीतिक दृष्टिकोणप्रतिको स्पष्टता।

**नैतिकता र मूल्यमा आधारित राजनीति:** नागरिकउत्तरदायी शासन, समावेशिता, सामाजिक न्याय र भ्रष्टाचारप्रतिको शून्य सहनशीलताको नीतिको आन्तरिकीकरण।

**पार्टी विधान र सांगठनिक ढाँचा:** पार्टी विधान, आन्तरिक अनुशासन, निर्णय प्रक्रिया, पदसोपान र प्रतिनिधिहरूको क्षेत्राधिकार सम्बन्धी ज्ञान।

**दलीय नीति र जनप्रतिनिधिको भूमिका:** पार्टीको सिद्धान्तलाई जनप्रतिनिधिको रूपमा स्थानीय तहको भूमिकामा रूपान्तरण गर्ने रणनीति।

राजनीतिक मार्गचित्र र वाचापत्रको स्थानीयकरण :केन्द्रीय तथा स्थानीय चुनावी वाचापत्रमा गरिएका प्रतिबद्धताहरूको गहिरो अध्ययन। पार्टीको चुनावी प्रतिबद्धतालाई स्थानीय तहको वार्षिक नीति, कार्यक्रम, आवधिक योजना र बजेटमा समावेश गर्ने व्यावहारिक तरिका।

(ख) **संविधान, संघीयता र स्थानीय व्यवस्थापिका अभ्यास**

**संविधानको सर्वोच्चता र कानुनको शासन (धारा १ र २):** जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता।संविधानसँग बाझिने स्थानीय कानुन अमान्य हुने संवैधानिक सिद्धान्त।

**सन्निकटताको सिद्धान्त र मौलिक हकको स्थानीयकरण (सन्निकटताको सिद्धान्त):** नागरिकको सबैभन्दा नजिकको सरकार (स्थानीय सरकार) बाटै प्रभावकारी सेवा प्रवाह, विकास निर्माण र समस्या समाधान हुनुपर्ने सिद्धान्तको व्यावहारिक कार्यान्वयन। घरदैलोमै सरकारी सेवाको सहज पहुँच र जनसहभागिता अभिवृद्धि।

**मौलिक हक र निर्देशक सिद्धान्तको स्थानीयकरण (भाग-३ र ४):** संविधानको भाग-३ मा उल्लिखित मौलिक हकहरू (आधारभूत शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता, स्वच्छ वातावरण, सामाजिक न्याय आदि) को संरक्षण।मौलिक हक र राज्यका निर्देशक सिद्धान्तहरूलाई स्थानीय कानुन, वार्षिक नीति, कार्यक्रम तथा बजेटमार्फत कार्यान्वयन गर्ने तरिका।

**राज्यशक्तिको बाँडफाँट र सङ्घीय अन्तरसम्बन्ध:** सङ्घ, प्रदेश र स्थानीय तहबीचको 'सहकारिता, सहअस्तित्व र समन्वय' मा आधारित सम्बन्ध र अभ्यास।

**एकल अधिकार (अनुसूची-८, २२ एकल अधिकार):** स्थानीय कर सङ्कलन, आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, स्थानीय सडक, खानेपानी आदिमा पूर्ण अधिकार।

**साझा अधिकार( अनुसूची-९):** सङ्घ, प्रदेश र स्थानीय तहको साझा क्षेत्राधिकारमा समन्वयकारी कानुन निर्माण।

**विधायिकी सीमा र सर्वोच्चता (धारा २२६ र २२७):** स्थानीय सभाले बनाउने कानुन सङ्घीय वा प्रादेशिक कानुनसँग बाझिन नहुने कानुनी सीमा।

**शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन:** सङ्घीय तीन अङ्ग र स्थानीय तहको सम्बन्ध

**सङ्घीय व्यवस्थापिका:** सङ्घीय संसद्को छाता ऐन (जस्तै: स्थानीय तह सञ्चालन ऐन, २०७४) र स्थानीय कानुनको परिधि।

**सङ्घीय कार्यपालिका:** राष्ट्रिय मापदण्ड निर्धारण, निजामती कर्मचारी (प्रमुख प्रशासकीय अधिकृत) को खटाइ र अन्तर-सरकार बजेट हस्तान्तरण।

**न्यायपालिका:** सर्वोच्च अदालतको संवैधानिक इजलासद्वारा स्थानीय कानुनको न्यायिक पुनरावलोकन र अधिकार क्षेत्रको परीक्षण।

**स्थानीय तहभित्रको आन्तरिक शक्ति पृथकीकरण:**

**स्थानीय व्यवस्थापिका भाग १८ (गाउँ/नगर सभा):** कानुन निर्माण, नीति तथा बजेट पारित र कार्यपालिकामाथि निगरानी।

**स्थानीय कार्यपालिका- भाग १७ (गाउँ/नगर कार्यपालिका):** स्वीकृत नीति, योजना तथा बजेटको कार्यान्वयन र दैनिक प्रशासन सञ्चालन।

**न्यायिक अङ्ग / अर्ध-न्यायिक निकाय (न्यायिक समिति - धारा २१७):** उपाध्यक्ष/ उपप्रमुखको संयोजकत्वमा गठित ३ सदस्यीय समितिमार्फत स्थानीय विवाद निरूपण, मेलमिलाप र छिनोफानो। स्थानीय न्यायिक समितिको निर्णय विरुद्ध जिल्ला अदालत मा पुनरावेदन लाग्ने व्यवस्था।

**नियन्त्रण, सन्तुलन र स्वार्थको बाझिने अवस्था:** कार्यपालिका सभाप्रति उत्तरदायी हुने व्यवस्था र जनप्रतिनिधिको बहु-भूमिका (वडा अध्यक्ष/उपप्रमुख) व्यवस्थापन।

**स्थानीय व्यवस्थापिका र संसदीय अभ्यास सभा सञ्चालन प्रक्रिया:** गाउँ/नगर सभाको अधिवेशन आह्वान, सञ्चालन, कार्यसूची निर्माण र बैठक सञ्चालन नियमावलीको पालना।

**(ग) कानुनी साक्षरता, सार्वजनिक वित्त र सुशासन**

**स्थानीय सरकार सञ्चालन ऐनको पूर्ण अभ्यास:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यविधि र जनप्रतिनिधिको काम, कर्तव्य र अधिकार।

**स्थानीय आर्थिक कार्यप्रणाली र अनुदान:** स्थानीय सञ्चित कोषको सञ्चालन। चार प्रकारका अनुदान (समानीकरण, सशर्त, समपूरक र विशेष) को सिद्धान्त।

**सार्वजनिक खरिद र उपभोक्ता समिति:** सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रयोग - विद्युतीय बोलपत्र (ई-बिडिङ) र सिलबन्दी दरभाउपत्र (कोटेसन)। विकास निर्माणमा उपभोक्ता समितिको गठन र परिचालन। यसमा हुने बेथिति तथा राजनीतिकरण रोक्ने कानुनी उपाय।

**नैतिक मापदण्ड र स्वार्थको द्वन्द्व:** सार्वजनिक पदमा रहँदा मितव्ययिता र भ्रष्टाचारप्रति शून्य सहनशीलता। जनप्रतिनिधि स्वयं संलग्न व्यापार वा संस्था र पालिकाको निर्णयबीच स्वार्थ बाझिने अवस्थामा निर्णयबाट अलग रहने अभ्यास।

## (घ) प्रविधिमैत्री प्रशासन र डिजिटल साक्षरता

**डिजिटल सेवा प्रवाह र ई-गभर्नेन्स:** नागरिक एप, राष्ट्रिय परिचयपत्र र व्यक्तिगत घटना दर्ता प्रणालीको ज्ञान। विद्युतीय हाजिरी तथा कागजविहीन कार्यालय प्रणाली।

**विद्युतीय वित्तीय प्रणाली:** बजेट तथा लेखा व्यवस्थापनका लागि 'सूत्र' (SuTRA) प्रणाली। डिजिटल माध्यम (क्युआर कोड, वालेट) बाट कर तथा राजस्व भुक्तानीको प्रवर्द्धन।

**तथ्याङ्कमा आधारित सुशासन र एआईको प्रयोग:** शिक्षा, स्वास्थ्यलगायतका सूचना प्रणालीको विश्लेषण गरी डिजिटल ड्यासबोर्डमार्फत योजना निर्माण। नीतिगत मस्यौदा निर्माणमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को उत्तरदायी प्रयोग।

**भौगोलिक सूचना प्रणाली (GIS):** भू-उपयोग, विपद् नक्साङ्कन र डिजिटल ठेगाना प्रणालीमा GIS/GPS प्रविधिको प्रयोग।

**साइबर सुरक्षा:** सामाजिक सञ्जालको सुरक्षित प्रयोग र साइबर बुलिङ रोकथाम। विद्युतीय कारोबार ऐन, २०६३ सम्बन्धी आधारभूत जानकारी।

## (ङ) स्थानीय आर्थिक विकास, रोजगार तथा सम्पदा संरक्षण

**स्थानीय सम्भाव्यता र कृषि विकास:** पालिकाको विशिष्ट स्रोत र सम्भाव्यताको पहिचान। निर्वाहमुखी कृषिलाई व्यावसायिक बनाउने रणनीति, चिस्यान केन्द्र व्यवस्थापन र खाद्य सुरक्षा।

**बजार, आपूर्ति र सहकारी नियमन:** उत्पादकलाई बजारसम्म जोड्ने आपूर्ति शृङ्खला। स्थानीय सहकारी संस्थाको दर्ता, सुशासन, नियमन र जोखिम व्यवस्थापन।

**गरिबी निवारण र युवा उद्यमशीलता:** गरिबीको नक्साङ्कन, रोजगार सेवा केन्द्रको सञ्चालन र स्टार्टअप प्रवर्द्धन। विपन्न वर्ग लक्षित आयआर्जन कार्यक्रम।

**सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धन:** ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको लगत सङ्कलन र संरक्षण। तिनलाई दिगो पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने रणनीति।

**(च) शिक्षा, स्वास्थ्य र सामाजिक विकास**

**शिक्षा र प्राविधिक सीप:** सामुदायिक विद्यालयको गुणस्तर मापन र विद्यालय व्यवस्थापन समितिको जवाफदेहिता। शिक्षक दरबन्दी मिलान र प्राविधिक शिक्षाको प्रवर्द्धन।

**स्वास्थ्य, पोषण र बिमा:** आधारभूत स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीको जनशक्ति र औषधि व्यवस्थापन। मातृशिशु स्वास्थ्य र कुपोषण न्यूनीकरण। सबै नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गराउने उपाय।

**खानेपानी तथा सरसफाइ:** खानेपानी आयोजनाको दिगो सञ्चालन, पानीको गुणस्तर परीक्षण र फोहोरमैला व्यवस्थापन।

**समावेशीकरण र महिला सशक्तीकरण:** दिगो विकास लक्ष्यको स्थानीयकरण र लैङ्गिक हिंसा निवारण। लैङ्गिक उत्तरदायी बजेट तर्जुमा। सामाजिक सुरक्षा भत्ताको पारदर्शी वितरण।

**(छ) विपद् जोखिम न्यूनीकरण, जलवायु अनुकूलन र हरित अर्थतन्त्र**

**जोखिम नक्साङ्कन र पूर्वसूचना प्रणाली:** बाढी, पहिरो, आगलागीजस्ता विपद्को सम्भावित क्षेत्रको पहिचान र सुरक्षित बस्ती विकास। पूर्वसूचना प्रणालीको सञ्चालन।

**क्षति आकलन र एकद्वार राहत वितरण:** विपद्लगत्तै द्रुत आवश्यकता आकलन। वास्तविक पीडितसम्म एकद्वार प्रणालीबाट पारदर्शी रूपमा राहत पुऱ्याउने संयन्त्र।

**स्थानीय अनुकूलन र हरित अर्थतन्त्र:** जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि स्थानीय अनुकूलन कार्ययोजना (LAPA)। बायो-इन्जिनियरिङको प्रयोग र नवीकरणीय ऊर्जाको प्रवर्द्धन।

**विपद् वित्त र बिमा:** विपद् व्यवस्थापन कोषको सञ्चालन। कृषि तथा पूर्वाधार बिमामार्फत जोखिम हस्तान्तरण।

**(ज) खुला सरकार, प्रभावकारी सञ्चार तथा जनसम्पर्क**

**सूचनाको हक र जवाफदेहिता:** सूचनाको स्वतः प्रकाशन, सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणका विधि।

**सङ्कट सञ्चार र गुनासो व्यवस्थापन:** 'हेलो सरकार' जस्ता प्रणालीको स्थानीयकरण। सङ्कटका बेला सञ्चारमाध्यम र नागरिकसँग गरिने प्रभावकारी संवादको रणनीति।

**डिजिटल सञ्चार र गलत सूचनाको व्यवस्थापन:** पालिकाको आधिकारिक वेबसाइट र सामाजिक सञ्जालको व्यवस्थापन। भ्रामक सूचनाको तथ्य जाँच र समयमै आधिकारिक खण्डन।

**मिडिया सम्बन्ध र सार्वजनिक प्रस्तुति:** पत्रकार सम्मेलन सञ्चालन, प्रेस विज्ञप्ति लेखन र अन्तर्वार्ता दिने सीप। सञ्चारमाध्यमसँग सम्मानजनक र पारदर्शी सम्बन्ध।

**(झ) व्यक्तिगत वित्तीय साक्षरता र जीवनशैली व्यवस्थापन**

**व्यक्तिगत अर्थतन्त्र र बजेटिङ:** जनप्रतिनिधि स्वयंको व्यक्तिगत अर्थतन्त्रको सन्तुलन। खर्च कटौती, बचत र ऋणको पासोबाट बच्ने उपाय।

**पारदर्शी आर्थिक जीवन:** सम्पत्ति विवरण समयमै सार्वजनिक गर्ने कानुनी दायित्व।

**जीवनशैली व्यवस्थापन:** सार्वजनिक जिम्मेवारी र पारिवारिक जीवनबीचको सन्तुलन। सरल र मितव्ययी जीवनशैली अपनाई अनुकरणीय बन्ने अभ्यास।

**समय व्यवस्थापन र तनाव नियन्त्रण:** व्यस्त सार्वजनिक जीवनमा दैनिक कार्यतालिका र प्राथमिकता निर्धारण। तनाव नियन्त्रण, नियमित स्वास्थ्य जाँच र निरन्तर अध्ययन तथा आत्मविकासको बानी।

**(ञ) चुनावी अभियान, निर्वाचन परिचालन र आचारसंहिता**

**रणनीतिक अभियान र मतदाता नक्साङ्कन:** वडा वा पालिकास्तरमा मतदाता तथ्याङ्कको विश्लेषण। लक्षित समूह केन्द्रित चुनावी रणनीति।

**सार्वजनिक वक्तृत्वकला र एजेन्डा प्रस्तुति:** आमसभा र घरदैलोमा बोल्ने कला। विपक्षीका आरोपको शिष्ट खण्डन र एजेन्डा प्रभावकारी रूपमा बुझाउने सीप।

**आचारसंहिता र खर्च व्यवस्थापन:** निर्वाचन आयोगको आचारसंहिताको पूर्ण पालना र उम्मेदवारी दर्ता प्रक्रिया। चुनावी खर्चको पारदर्शी व्यवस्थापन।

**निर्वाचनपछिको व्यवस्थापन र जनादेशको सम्मान:** मतगणना, उजुरी प्रक्रिया र परिणाम स्वीकार गर्ने लोकतान्त्रिक संस्कार। पराजित भएमा रचनात्मक प्रतिपक्षको भूमिका। विजयी भएमा वाचापत्र कार्यान्वयनको पहिलो सय दिनको कार्ययोजना।

### (२) पद-विशिष्ट प्रशिक्षण खण्ड

साझा प्रशिक्षणपछि आकांक्षीहरूले आफूले आवेदन दिएको पद र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको कार्यविभाजनका आधारमा देहायबमोजिमका विशिष्टीकृत कार्यशालामा सहभागी हुनुपर्नेछ:

#### (क) वडाध्यक्ष तथा वडा सदस्यका आकांक्षीहरूका लागि (वडा समिति)

**अग्रपङ्क्ति प्रशासन र पञ्जीकरण:** जन्म, मृत्यु, बसाइँसराइलगायत व्यक्तिगत घटना दर्ता र विपन्नता सिफारिस। नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन।

**सिफारिसको कानुनी जोखिम र सावधानी:** नाता प्रमाणित, जग्गाधनी दर्ता, चारकिल्ला प्रमाणितलगायत वडाबाट हुने सिफारिसमा ध्यान दिनुपर्ने तथ्यगत र कानुनी पक्ष। कानुनी फन्दाबाट बच्ने उपाय।

**सात चरणको योजना तर्जुमा:** बस्ती/टोलस्तरबाट योजना छनोट र प्राथमिकीकरण गर्ने विधि। वडास्तरीय योजनाको कार्यान्वयन र अनुगमन।

**सामुदायिक मेलमिलाप र परिचालन:** वडास्तरमा उत्पन्न हुने साँधसिमाना तथा घरेलु विवादको प्रारम्भिक मेलमिलाप। टोल विकास संस्था र आमा समूहको नेतृत्व तथा परिचालन गर्ने सीप।

#### (ख) प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षका आकांक्षीहरूका लागि

**न्यायिक समिति सञ्चालन:** संविधानको धारा २१७ बमोजिम न्यायिक समितिको क्षेत्राधिकार। इजलास सञ्चालन, प्रमाण सङ्कलन, फैसला लेखन र मेलमिलाप गराउने कानुनी प्रक्रिया।

**राजस्व परामर्श र बजेट तर्जुमा:** कानुनतः उपप्रमुखको संयोजकत्वमा रहने 'राजस्व परामर्श समिति' र 'बजेट तथा कार्यक्रम तर्जुमा समिति'को नेतृत्व। करको दर र दायरा निर्धारण गर्ने प्राविधिक सीप।

**योजना अनुगमन र फरफारक:** पालिकास्तरीय योजनाको गुणस्तर मापन र अनुगमन समितिको नेतृत्व। पारदर्शी भुक्तानी तथा फरफारक प्रक्रियाको अभ्यास।

**बजार अनुगमन र उपभोक्ता हित:** स्थानीय बजारको नियमित अनुगमन र मूल्य तथा गुणस्तर नियन्त्रण। उपभोक्ता अधिकारको सुनिश्चितता।

**गैरसरकारी संस्था समन्वय (एकद्वार प्रणाली):** गैरसरकारी संघसंस्थाको बजेट र कार्यक्रमलाई पालिकाको मूल प्रणालीमा ल्याउने एकद्वार नीतिको नेतृत्व।

**कार्यकारी नेतृत्व र नीति निर्माण:** वार्षिक नीति तथा कार्यक्रम, आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF), विस्तृत परियोजना प्रतिवेदन (DPR) र रणनीतिक गुरुयोजना निर्माणको नेतृत्व।

**आन्तरिक नियन्त्रण र बेरुजु फर्स्योट:** महालेखा परीक्षकको प्रतिवेदनले औँल्याउने बेरुजु आउनै नदिने आन्तरिक नियन्त्रण प्रणालीको विकास। पुरानो बेरुजु फर्स्योटमा प्रमुखको कार्यकारी जवाफदेहिता।

**सङ्कटकालीन कमान्ड:** महामारी, बाढी, भूकम्पजस्ता ठूला विपद्मा स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्षका रूपमा कमान्ड सेन्टरको नेतृत्व र द्रुत निर्णय क्षमता।

**सार्वजनिक-निजी साझेदारी र कूटनीति:** ठूला पूर्वाधारमा निजी लगानी भित्र्याउने मोडल। संघीय तथा प्रदेश सरकार, छिमेकी पालिका र विकास साझेदारसँग समन्वय। अन्तर्राष्ट्रिय नगरसँग भगिनी सम्बन्ध कायम गर्ने पहल।

**टिम व्यवस्थापन र द्वन्द्व समाधान:** प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष र कर्मचारी संयन्त्रबीच प्रभावकारी कार्यविभाजन। राजनीतिक मतभिन्नता, स्रोत बाँडफाँट र समुदायगत असन्तुष्टिलाई मध्यस्थता र विधिसम्मत तरिकाले समाधान गर्ने सीप।

**पुनश्च:** आवश्यकता र समयको मागअनुसार उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समितिले लिडरसिप एकेडेमीको यस पाठ्यक्रममा थपघट तथा परिमार्जन गर्न सक्नेछ।

## १३. पोलिटिकल प्रोक्सिमिटी (भाराङ्क: २५%)

राजनीतिक पृष्ठभूमि, पार्टीभित्रको भूमिका, समाजमा स्थापित जनसम्बन्ध, चारित्रिक धरातल, लोकप्रियता र विजयको सम्भाव्यताको समग्र तथा वस्तुपरक मूल्याङ्कन गर्न यो खण्ड अनिवार्य गरिएको छ। यस खण्डको आन्तरिक मूल्याङ्कन कुल १०० पूर्णाङ्कमा गरिनेछ। तथ्य, तथ्याङ्क र स्वतन्त्र प्रमाणीकरणका आधारमा देहायका पाँचवटा उपखण्डमा यो मूल्याङ्कन गरिनेछ। आकांक्षीले यस खण्डका सूचकहरूमा प्राप्त गरेको कुल प्राप्ताङ्कलाई समग्र उम्मेदवार छनोटको २५ प्रतिशत भारमा रूपान्तरण गरी अन्तिम नतिजामा समावेश गरिनेछ।

## (१) साङ्गठनिक आबद्धता, विगतको भूमिका र अनुशासन (२५ अङ्क)

**पार्टी आबद्धता र सङ्गठन निर्माण:** पार्टीसँगको आबद्धता र त्यसको निरन्तरता। पार्टीको सङ्गठन विस्तार तथा सदस्यता वृद्धिमा पुऱ्याएको ठोस योगदान।

**विगतको राजनीतिक भूमिका र निर्वाचनमा सहभागिता:** पार्टीको कुनै पनि तहको समिति वा तोकिएको पदमा रहेर काम गरेको बहुआयामिक अनुभव र उक्त जिम्मेवारी सफलतापूर्वक निर्वाह गरेको प्रमाणित अभिलेख। विगतका निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवारलाई जिताउन खेलेको सक्रिय भूमिका।

**अनुशासन, समन्वय र आचारसंहिता:** तोकिएको लेभीको नियमित भुक्तानी, पार्टीको आन्तरिक अनुशासन, पदीय मर्यादा र आचारसंहिताको पूर्ण पालना। साथै, पार्टीभित्रका विभिन्न पक्षलाई मिलाएर लैजान सक्ने समन्वय क्षमता र गुटगत सङ्कीर्णताबाट मुक्त रहेको अवस्था।

## (२) विजयको सम्भाव्यताको वैज्ञानिक मापन (२० अङ्क)

**स्वीकार्यता र तथ्याङ्कीय विश्लेषण:** पार्टीको परम्परागत मत सुरक्षित गर्दै दोधारे (स्विङ) तथा तटस्थ मतदाताको मत तान्न सक्ने आकांक्षीको व्यक्तित्व र जनस्वीकार्यता।

**जनसाङ्ख्यिक तादात्म्य:** निर्वाचन क्षेत्रको जातीय, भाषिक, सामाजिक, भौगोलिक र जनसाङ्ख्यिक समीकरणसँग आकांक्षीको तादात्म्य र प्रभाव।

**वैज्ञानिक प्रक्षेपण:** आन्तरिक सर्वेक्षण, विगतका मतदान प्रवृत्ति र वर्तमान जनमतका आधारमा आकांक्षीले निर्वाचन जित्न सक्ने सम्भाव्यता (Winning Probability) को तथ्याङ्कमा आधारित वैज्ञानिक मापन।

## (३) जनसम्बन्ध, बहुआयामिक लोकप्रियता र सार्वजनिक आचरण (२० अङ्क)

**बहुआयामिक लोकप्रियता र स्थानीय उपस्थिति:** निर्वाचन क्षेत्रमै निरन्तर बसोबास गरेको अवस्था र नागरिकका सुखदुःखमा सहजै पहुँचयोग्य रहेको यथार्थ। समाजका विभिन्न वर्ग (युवा, महिला, ज्येष्ठ नागरिक, पेसाकर्मी, श्रमिक, किसान, उद्यमी तथा सीमान्तकृत समुदाय) माझ आकांक्षीको बहुआयामिक लोकप्रियता।

**सञ्चार, समाज र सामाजिक सञ्जालमा आचरण:** समाजमा प्रस्तुत हुने शैली, बोलीव्यवहार तथा सार्वजनिक मञ्चमा विचार राख्न सक्ने सञ्चार र पैरवी क्षमता। विशेषगरी सामाजिक सञ्जालमा प्रस्तुत गर्ने विचार, भाषाको मर्यादा र संयमता। लैङ्गिक संवेदनशीलता तथा सीमान्तकृत समुदायप्रतिको सम्मानजनक दृष्टिकोणसहितको सार्वजनिक आचरण।

**सङ्कटकालीन सेवा र सहयोग:** प्राकृतिक विपद् वा सामाजिक सङ्कटका बेला अग्रपङ्क्तिमा रहेर गरेको स्वयंसेवा र सीमान्तकृत वर्गलाई पुऱ्याएको प्रत्यक्ष सहयोग।

(४) **शैक्षिक, पेसागत तथा भुइँतहको प्रमाणित अनुभव (२० अङ्क)**

**वर्तमान रोजगारी तथा पेसागत निष्ठा:** हाल संलग्न रहेको पेसा, रोजगारी वा व्यवसायमा देखाएको इमानदारी, हासिल गरेको व्यावसायिक सफलता र उक्त क्षेत्रमा बनाएको स्वच्छ छवि।

**औपचारिक शिक्षा र वैचारिक स्पष्टता:** हासिल गरेको औपचारिक शिक्षा वा विशिष्ट तालिम। साथै, पार्टीको विचार, नीति र स्थानीय विकासको स्पष्ट खाका जनमानसमा बुझाउन सक्ने वैचारिक स्पष्टता।

**सामुदायिक संस्थाको नेतृत्व:** विद्यालय व्यवस्थापन समिति, वन उपभोक्ता समूह, खानेपानी समिति, क्लब, गुठी आदि संस्थाको नेतृत्व गरी विवादरहित रूपमा सफल कार्यसम्पादन गरेको प्रमाणित विगत।

(५) **तटस्थ सामाजिक परीक्षण र स्थापित सदाचार (१५ अङ्क)**

**गैरराजनीतिक व्यक्तित्वको राय:** आकांक्षीले जुन तहमा उम्मेदवारी दिन चाहेको हो, सोही तह वा भूगोलका तटस्थ, गैरराजनीतिक तथा प्रतिष्ठित सामाजिक व्यक्तित्वहरूले आकांक्षीको विगत र छविबारे दिने स्वतन्त्र राय तथा मूल्याङ्कन।

**स्थापित असल आचरण र कानुनी स्पष्टता:** सार्वजनिक जीवनमा निष्कलङ्क चरित्र, आर्थिक पारदर्शिता, कुनै पनि अनियमिततामा नमुछिएको विगत र समाजमा स्थापित असल आचरण। राज्यलाई तिर्नुपर्ने कर वा निर्वाचन आयोगको जरिवाना बाँकी नरहेको तथा कुनै पनि गम्भीर कानुनी वा फौजदारी अभियोग नलागेको प्रमाणित अवस्था।

**सामाजिक सद्भाव:** समाजमा मध्यस्थकर्ताका रूपमा विवाद समाधान गर्न खेलेको भूमिका र स्वस्थ प्रतिस्पर्धाको संस्कार।

## १४. समावेशिता (भाराङ्क: १०%)

संविधानले व्यवस्था गरेको समानुपातिक-समावेशी सिद्धान्तलाई केवल कानुनी बाध्यताका रूपमा मात्र नलिई, यसलाई पार्टीको उम्मेदवार छनोट प्रक्रियाको अभिन्न अङ्ग बनाइनेछ। समावेशितालाई परम्परागत जातीय क्लस्टरमा मात्र सीमित नराखी जनसाङ्ख्यिकीय अनुपात, उमेर समूह, लैङ्गिक समानता, अपाङ्गता, भौगोलिक विकटता र सामाजिक-आर्थिक पृष्ठभूमिसहितको बहुआयामिक समावेशिताका रूपमा लागू गरिनेछ।

### (१) पूर्वसर्त खण्ड

**राजनीतिक तथा राज्यसत्ताको पूर्व-उपभोग**

यदि उम्मेदवार वा निजको एकाघरको परिवारका सदस्यले यसअघि नै निम्नमध्ये कुनै लाभको पद प्राप्त गरिसकेको छ भने समावेशिताको अङ्क दिइने छैन:

**(क) निर्वाचित उच्च राजनीतिक पद**

संघीय संसद्का सदस्य, प्रतिनिधि सभा वा राष्ट्रिय सभा, प्रदेश सभा सदस्य वा स्थानीय तहको प्रमुख/उपप्रमुख अर्थात् गाउँपालिका अध्यक्ष/उपाध्यक्ष वा नगरपालिका प्रमुख/उपप्रमुख।

**(ख) कार्यपालिका तथा मन्त्रीस्तरीय जिम्मेवारी**

संघीय वा प्रदेश सरकारको मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री वा सो-सरहको राजनीतिक जिम्मेवारी।

**(ग) उच्चस्तरीय राजनीतिक तथा कूटनीतिक नियुक्ति**

संवैधानिक निकायका पदाधिकारी, राजदूत, वा सरकारी स्वामित्वका ठूला सार्वजनिक संस्थान, बोर्ड, समिति, आयोग, प्राधिकरण आदिको कार्यकारी प्रमुख वा सञ्चालक समितिको अध्यक्ष।

**(घ) समानुपातिक तथा आरक्षण कोटाको पूर्व-उपभोग**

सीमान्तकृत समुदायकै भए तापनि यसअघि नै एकपटक समानुपातिक निर्वाचन प्रणालीबाट सांसद बनिसकेको वा राज्यको उच्च तहमा आरक्षण कोटाको सुविधा लिइसकेको अवस्थामा।

### (२) समावेशिता मूल्याङ्कनका आधार र अङ्कभार:

खुला प्रतिस्पर्धाका आकांक्षीहरूलाई उनीहरूको अवस्था र प्रतिनिधित्वको आवश्यकताका आधारमा देहायबमोजिमका विभिन्न सूचकहरू (खण्ड (क) देखि (ङ) सम्म) बाट अङ्क प्रदान गरिनेछ।

कुनै उम्मेदवार एकभन्दा बढी वा सबै सूचकहरूमा योग्य ठहरिएर निजको कुल प्राप्ताङ्क १० भन्दा बढी हुन गए तापनि यस समावेशिता खण्डअन्तर्गत एक जना उम्मेदवारले अधिकतम १० अङ्क मात्र प्राप्त गर्न सक्नेछ। १० भन्दा बढी अङ्क प्राप्त गर्नेको हकमा १० अङ्कलाई नै अन्तिम प्राप्ताङ्क मानिनेछ।

यसअन्तर्गतका आधार र अङ्कभारहरू निम्नबमोजिम हुनेछन्:

**(क) लैङ्गिक समानता र कार्यकारी नेतृत्वमा दाबी (अधिकतम ३ अङ्क)**

कानुनले अनिवार्य गरेको सुरक्षित सिटबाहेकका खुला पदहरूमा दाबी गर्ने महिला आकांक्षीहरूलाई पदको प्रकृति हेरी देहायबमोजिम अङ्क प्रदान गरिनेछ:

**खुला सदस्य पद:** खुला वडा सदस्य वा उपमेयर/उपाध्यक्षजस्ता कार्यकारी पदमा प्रतिस्पर्धा गर्न चाहने महिला आकांक्षीलाई २ अङ्क प्रदान गरिनेछ।

**कार्यकारी पद:** वडा अध्यक्ष तथा पालिकाको मेयर/अध्यक्ष पदमा दाबी गर्ने महिला आकांक्षीलाई ३ अङ्क प्रदान गरिनेछ।

**(ख) सामाजिक पहिचान र जनसाङ्ख्यिकीय प्रतिनिधित्व (अधिकतम ४ अङ्क)**

संविधानको धारा ४२ ले सामाजिक न्यायको हक सुनिश्चित गरेका क्लस्टर दलित, आदिवासी/जनजाति, मधेसी, थारू वा मुस्लिम बाट प्रतिनिधित्व गर्ने आकांक्षीहरूलाई सामाजिक पहिचानका आधारमा २ अङ्क प्रदान गरिनेछ। यसका अतिरिक्त, सम्बन्धित वडा वा पालिकामा सबैभन्दा बढी जनसङ्ख्या भएको समुदाय, वा अति-अल्पसङ्ख्यक, लोपोन्मुख जाति, धार्मिक अल्पसङ्ख्यक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (LGBTQ+) समुदायका आकांक्षीलाई जनसाङ्ख्यिकीय सन्तुलनका लागि थप २ अङ्क प्रदान गरिनेछ।

**(ग) युवा पुस्ता र फर्किएका उद्यमी (अधिकतम ४ अङ्क)**

पार्टीको नेतृत्वमा युवा सहभागितालाई प्रोत्साहन गर्न ४० वर्षमुनिका युवा आकांक्षीहरूलाई २ अङ्क प्रदान गरिनेछ। साथै, वैदेशिक रोजगारीबाट स्वदेश फर्किएर आफ्नै भूगोलमा उद्यम सञ्चालन गरिरहेका आकांक्षीहरूलाई थप २ अङ्क प्रदान गरिनेछ।

**(घ) अपाङ्गता र विपन्न वर्ग (अधिकतम ४ अङ्क)**

आर्थिक रूपमा अत्यन्त विपन्न वा गरिबीको रेखामुनि रहेका आकांक्षीहरूलाई २ अङ्क प्रदान गरिनेछ। नेपाल सरकारबाट 'क' वा 'ख' वर्गको परिचयपत्र प्राप्त अपाङ्गता भएका व्यक्तिहरूलाई २ अङ्क प्रदान गरिनेछ।

**(ङ) आन्तरिक भौगोलिक वञ्चितीकरण (अधिकतम २ अङ्क)**

पालिका वा वडाभित्र पनि विकासका दृष्टिले सबैभन्दा पछाडि पारिएको, दुर्गम वा सीमान्तकृत भूगोल तथा बस्तीबाट प्रतिनिधित्व गर्ने आकांक्षीलाई भौगोलिक समावेशिताको आधारमा प्राथमिकता दिँदै २ अङ्क प्रदान गरिनेछ।

### (३) अधिकतम सीमा:

माथि उल्लिखित खण्ड (क) देखि (ङ) सम्मका कुनै पनि वा सबै खण्डमा उम्मेदवारको योग्यता पुगेको भए तापनि यस मूल्याङ्कनबाट कुनै पनि उम्मेदवारले कुल १० अङ्कभन्दा बढी दाबी गर्न पाउने छैन।

## १५. प्रारम्भिक निर्वाचन (भाराङ्क: ४०%)

पार्टी संरचनाभित्र रहेका सदस्यहरूले आफ्नो मतमार्फत स्थानीय तहका उम्मेदवारहरू छनोट गर्ने प्रक्रियामा सहभागी हुन पाउनु लोकतन्त्रको सबैभन्दा सुन्दर अभ्यासमध्ये एक हो। स्थापनाकालदेखि नै प्रारम्भिक निर्वाचनलाई पार्टीको एउटा महत्त्वपूर्ण आधारस्तम्भका रूपमा स्वीकार गर्दै आएको यस पार्टीले विधानको धारा ७(३) बमोजिम हरेक उम्मेदवार छनोट प्रक्रियामा प्रारम्भिक निर्वाचनको उन्नत अभ्यासलाई परिमार्जन गर्दै अनिवार्य अवयवका रूपमा समावेश गर्दै आएको छ।

प्रारम्भिक निर्वाचनले सम्बन्धित निर्वाचन क्षेत्रभित्र उम्मेदवारको लोकप्रियता, सङ्गठनात्मक स्वीकार्यता र जनाधारलाई परीक्षण गर्ने मात्र होइन, निर्णय प्रक्रियामा पार्टी सदस्यहरूमा निहित सार्वभौम अधिकार (विधानको धारा ८०(१)) लाई सुनिश्चित गर्छ भन्ने विश्वास पार्टीले लिएको छ। साथै, यस अभ्यासले नेपाली राजनीतिमा उम्मेदवार छनोटका क्रममा देखिने पहुँच, प्रभाव, नातावाद, कृपावाद, गुटगत दबाब, आर्थिक हैसियत वा नेतृत्व निकटतामा उम्मेदवार छान्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै पार्टी सदस्यको मताधिकारलाई उम्मेदवार छनोटको अभिन्न अंगको रूपमा संस्थागत गर्नेछ।

### (१) प्रारम्भिक निर्वाचनका लागि स्तरीकृत भाराङ्क प्रणाली

प्रारम्भिक निर्वाचनमा मतदान गर्न अधिकारप्राप्त सदस्यहरूलाई आवश्यकताका आधारमा देहायबमोजिमका निर्वाचन मण्डलमा वर्गीकरण गरी मतको भाराङ्क निर्धारण गरिनेछ। पदका आधारमा मतदाता मण्डल फरक-फरक हुन सक्नेछ।

(क) सक्रिय मतदाता मण्डल (पार्टीले सक्रिय मतदाता मण्डल बनाई नसकेको अवस्थामा साधारण सदस्यहरू यस मतदाता मण्डलका सदस्य रहनेछन्।)

(ख) मध्यवर्ती साङ्गठनिक मतदाता मण्डल

(ग) विशिष्ट मतदाता मण्डल

### (२) वडा सदस्यको हकमा

वडा सदस्यको प्रारम्भिक निर्वाचनको ४० प्रतिशत भाराङ्कलाई १०० प्रतिशत मानी निम्नानुसार मतभार गणना गरिनेछ:

**(क) सक्रिय मतदाता मण्डल (१०० प्रतिशत)**

सम्बन्धित वडाभित्र मतदाता ठेगाना कायम भएका पार्टीका सम्पूर्ण सक्रिय सदस्यहरू यस मण्डलमा रहनेछन्।

**(३) वडा अध्यक्षको हकमा**

वडा अध्यक्षको प्रारम्भिक निर्वाचनको ४० प्रतिशत भाराङ्कलाई १०० प्रतिशत मानी निम्नानुसार मतभार गणना गरिनेछ:

**(क) सक्रिय मतदाता मण्डल (७० प्रतिशत)**

सम्बन्धित वडाभित्र मतदाता ठेगाना कायम भएका पार्टीका सक्रिय सदस्यहरू यस मण्डलमा रहनेछन्।

**(ख) मध्यवर्ती साङ्गठनिक मतदाता मण्डल (२० प्रतिशत)**

सम्बन्धित वडाभित्र मतदाता ठेगाना कायम भएका पालिका समितिका सदस्यहरू, निर्वाचन क्षेत्र, जिल्ला तथा प्रदेश समितिका सदस्यहरू, पालिका, जिल्ला, प्रदेश तथा केन्द्रीय विभागका सदस्यहरू, प्रदेश आयोगका सदस्यहरू, प्रदेश सभाका सांसदहरू, केन्द्रीय आयोगका सदस्यहरू र केन्द्रीय सल्लाहकार परिषद्का सदस्यहरू यस मण्डलमा रहनेछन्।

**(ग) विशिष्ट मतदाता मण्डल (१० प्रतिशत)**

सम्बन्धित वडाभित्र मतदाता ठेगाना कायम भएका पार्टीका केन्द्रीय समिति सदस्यहरू, सङ्घीय सांसदहरू यस मण्डलमा रहनेछन्।

**(४) पालिका उपप्रमुख (उपाध्यक्ष/उपमेयर) र प्रमुख (अध्यक्ष/मेयर)को हकमा**

पालिका उपप्रमुख (उपाध्यक्ष/उपमेयर) र प्रमुख (अध्यक्ष/मेयर) को प्रारम्भिक निर्वाचनको ४० प्रतिशत भाराङ्कलाई १०० प्रतिशत मानी निम्नानुसार मतभार गणना गरिनेछ:

**(क) सक्रिय मतदाता मण्डल (७० प्रतिशत)**

सम्बन्धित पालिकाभित्र मतदाता ठेगाना कायम भएका पार्टीका सक्रिय सदस्यहरू यस मण्डलमा रहनेछन्।

**(ख) मध्यवर्ती साङ्गठनिक मतदाता मण्डल (२० प्रतिशत)**

सम्बन्धित पालिकाभित्र मतदाता ठेगाना कायम भएका निर्वाचन क्षेत्र, जिल्ला तथा प्रदेश समितिका सदस्यहरू, जिल्ला, प्रदेश तथा केन्द्रीय विभागका सदस्यहरू, प्रदेश आयोगका सदस्यहरू, प्रदेश सभाका सांसदहरू, केन्द्रीय आयोगका सदस्यहरू र केन्द्रीय सल्लाहकार परिषद्का सदस्यहरू यस मण्डलमा रहनेछन्।

**(ग) विशिष्ट मतदाता मण्डल (१० प्रतिशत)**

**(अ) संघीय सांसद (प्रत्यक्ष र समानुपातिक)को हकमा**

प्रत्यक्ष निर्वाचित सांसद र सम्बन्धित निर्वाचन क्षेत्रमा मतदाता ठेगाना कायम भएका पार्टीका 'तर्फबाट प्रतिनिधित्व गर्ने समानुपातिक सांसदहरू यस मण्डलमा रहनेछन्|

**(आ) केन्द्रीय सदस्यको हकमा**

सम्बन्धित जिल्लाको मतदाता ठेगाना कायम भएका पार्टीका केन्द्रीय समिति सदस्यहरू यस मण्डलमा रहनेछन्।

**(५) थप व्यवस्था:**

**(क) 'एक व्यक्ति, एक मत' को सुनिश्चितता:** कुनै पनि मतदाताले एक पटक मात्र मतदान गर्न पाउनेछ। यदि कुनै व्यक्ति एकभन्दा बढी निर्वाचन मण्डलको मापदण्डमा परेमा, निजलाई स्वतः विशिष्ट, मध्यवर्ती र सक्रिय मतदाता मण्डलको क्रममा सबैभन्दा माथिल्लो निर्वाचन मण्डलमा मात्र सूचीकृत गरिनेछ।

**(ख) मतदानको थ्रेसहोल्ड (न्यूनतम सहभागिता):** प्रारम्भिक निर्वाचनलाई जनसाङ्ख्यिक रूपमा प्रतिनिधिमूलक र वैधानिक बनाउन पार्टीका आन्तरिक मतदाताहरूमध्ये कम्तीमा २५ प्रतिशत सदस्यहरूले मतदान गरेको हुनु अनिवार्य छ। २५% भन्दा कम मतदान भएमा उक्त निर्वाचन अवैध हुनेछ र त्यसको भाराङ्क शून्य हुनेछ।

**(ग) विशिष्ट मण्डलको एकाधिकार नियन्त्रण र ५% भाराङ्क सीमा:** कुनै निर्वाचन क्षेत्रमा १ जना मात्र केन्द्रीय सदस्य वा प्रतिनिधि सभा सदस्य भएको अवस्थामा निजको एकल मतले सिङ्गो चुनाव प्रभावित नहोस् भन्नका लागि कुनै पनि एकल व्यक्तिको मतको भाराङ्क प्रारम्भिक निर्वाचनभित्र ५% भन्दा बढी हुन पाउने छैन।

(६) पार्टी सङ्गठनलाई निरन्तर विस्तार गर्न र सङ्गठनमा सीमित व्यक्तिको सिन्डिकेट अर्थात् गेटकिपिङ रोक्न प्रारम्भिक निर्वाचनको भाराङ्कलाई सम्बन्धित निर्वाचन क्षेत्रको कुल मतदाता सङ्ख्या र पार्टीका आधिकारिक सदस्य सङ्ख्याको अनुपातका आधारमा गतिशील बनाइनेछ। निर्वाचन आयोगले पछिल्लोपटक सार्वजनिक गरेको सम्बन्धित निर्वाचन क्षेत्रको कुल मतदाता सङ्ख्याको तुलनामा पार्टीका सदस्यहरूको सङ्ख्या कति प्रतिशत छ भन्ने तथ्याङ्कका आधारमा प्रारम्भिक निर्वाचनको भाराङ्क, अधिकतम ४० प्रतिशतभित्र रही, देहायबमोजिम निर्धारण गरिनेछ:

(क) कुल मतदाताको ५% वा सोभन्दा बढी पार्टी सदस्य भएको अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क पूर्ण अर्थात् ४०% हुनेछ। अर्थात् कुल मूल्याङ्कनमा प्रारम्भिक निर्वाचनबाट अधिकतम ४० अङ्क प्राप्त हुनेछ।

(ख) कुल मतदाताको ४% देखि ४.९९% सम्म पार्टी सदस्य भएको अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क ३०% हुनेछ। अर्थात् कुल मूल्याङ्कनमा प्रारम्भिक निर्वाचनबाट अधिकतम ३० अङ्क प्राप्त हुनेछ।

(ग) कुल मतदाताको ३% देखि ३.९९% सम्म पार्टी सदस्य भएको अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क २०% हुनेछ। अर्थात् कुल मूल्याङ्कनमा प्रारम्भिक निर्वाचनबाट अधिकतम २० अङ्क प्राप्त हुनेछ।

(घ) कुल मतदाताको २% देखि २.९९% सम्म पार्टी सदस्य भएको अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क १०% हुनेछ। अर्थात् कुल मूल्याङ्कनमा प्रारम्भिक निर्वाचनबाट अधिकतम १० अङ्क प्राप्त हुनेछ।

(ङ) कुल मतदाताको १% देखि १.९९% सम्म पार्टी सदस्य भएको अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क ५% हुनेछ। अर्थात् कुल मूल्याङ्कनमा प्रारम्भिक निर्वाचनबाट अधिकतम ५ अङ्क प्राप्त हुनेछ।

(च) कुल मतदाताको १% भन्दा कम पार्टी सदस्य भएको अवस्थामा उक्त निर्वाचन क्षेत्रमा प्रारम्भिक निर्वाचन आयोजना गरिने छैन। यस्तो अवस्थामा प्रारम्भिक निर्वाचनको भाराङ्क शून्य हुनेछ।

## ७. NOTA

स्थानीय तहको प्रारम्भिक निर्वाचनमा "NOTA (None Of The Above) विकल्प लागू गरिनेछ। यसले मतदातालाई कुनै पनि उम्मेदवार मन नपरेको अवस्थामा कसैलाई पनि मतदान नगर्ने अधिकार सुनिश्चित गर्नेछ। यदि "NOTA" विकल्पले सबैभन्दा बढी मत पायो भने अन्य सबै उम्मेदबारहरूको उम्मेदवारी स्वतः खारेज हुनेछ र त्यस तहमा उक्त पदको लागि नयाँ उम्मेदबारहरूको छनोट गरी पुनः मतदान गरिनेछ।

# परिच्छेद-६
# प्रारम्भिक निर्वाचन सञ्चालन

## १६. प्रारम्भिक निर्वाचनमा मतदान गर्ने विधि र प्राविधिक सुरक्षा

प्रारम्भिक निर्वाचनमा पार्टी सदस्यहरूको सहज सहभागिता र उच्चतम प्राविधिक सुरक्षा सुनिश्चित गर्न मतदान प्रक्रिया देहायबमोजिमका विधिमार्फत सञ्चालन गरिनेछ:

### (१) प्राथमिक विधि: अनलाइन मतदान

प्रारम्भिक निर्वाचनमा मतदानको मुख्य विधिका रूपमा अनलाइन मतदान प्रणाली अपनाइनेछ। यसको सञ्चालन र सुरक्षा मापदण्ड देहायबमोजिम हुनेछ:

(क) **आधिकारिक एपको प्रयोग:** मतदान प्रक्रिया केन्द्रीय निर्वाचन आयोगद्वारा सञ्चालित पार्टीको आधिकारिक मोबाइल एपमार्फत सम्पन्न गरिनेछ।

(ख) **द्वैध प्रमाणीकरण:** अनधिकृत पहुँच र धाँधली रोक्न मतदाताले एपमा लगइन गर्दा युजरनेम र पासवर्डका साथै प्रणालीले पठाउने वन-टाइम पासवर्ड अनिवार्य रूपमा प्रविष्ट गर्नुपर्नेछ।

(ग) **सुरक्षित तथ्याङ्क भण्डारण:** अनलाइन मतदानमार्फत खसेको मत र समग्र निर्वाचनको तथ्याङ्कमा कुनै पनि तहबाट छेडछाड, हेरफेर वा धाँधली नहोस् भनी सुनिश्चित गर्न प्रणालीको डेटा भण्डारणमा सुरक्षित र अपरिवर्तनीय प्रविधि प्रयोग गरिनेछ। डिजिटल प्रणालीमा एकपटक दर्ता भइसकेको मत वा तथ्याङ्क कसैले पनि मेटाउन वा सच्याउन नसक्ने गरी पूर्ण सुरक्षाको प्रत्याभूति गरिनेछ।

(घ) **अनिवार्य परीक्षण:** अनलाइन मतदान प्रणालीमा आउन सक्ने सम्भावित प्राविधिक समस्याहरूको पहिचान र निराकरण गर्न केन्द्रीय निर्वाचन आयोगले वास्तविक मतदान हुनुअगावै अनिवार्य रूपमा परीक्षण मतदान सञ्चालन गर्नुपर्नेछ।

### (२) वैकल्पिक विधि

कुनै स्थानीय तह, वडा वा विशेष स्थानमा भौगोलिक विकटता, इन्टरनेट पहुँचको अभाव वा अन्य प्राविधिक कारणले उपदफा (१) बमोजिमको अनलाइन मतदान सम्भव नहुने यकिन भएमा देहायका वैकल्पिक विधि प्रयोग गर्न सकिनेछ:

(क) **अफलाइन डिजिटल मतदान:** तोकिएको मतदान केन्द्रमा ट्याब्लेट वा कम्प्युटरको व्यवस्था गरी अफलाइन एपमार्फत सुरक्षित रूपमा डिजिटल मतदान गराइनेछ।

(ख) **अन्य विधिको अनुमोदन:** माथि उल्लिखित वैकल्पिक विधि, अर्थात् अफलाइन डिजिटल मतदान वा अन्य कुनै उपयुक्त विधि, प्रयोग गर्नुपर्ने अवस्था सिर्जना भएमा सोको स्पष्ट कारण र पुष्ट्याइँसहित केन्द्रीय निर्वाचन आयोगले विधानको धारा ५०(२) बमोजिम विधि र स्थान तय गरी उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समितिलाई जानकारी गराउनेछ।

## १७. निर्वाचन मण्डलको समयसीमा तथा मतदाता नामावली

प्रारम्भिक निर्वाचनलाई पूर्ण रूपमा निष्पक्ष, पारदर्शी र प्रभाव-मुक्त बनाउन मतदाता मण्डलको हकमा देहायबमोजिमको समयसीमा र सर्तहरू लागू हुनेछन्:

### (१) नयाँ सदस्यलाई मताधिकार नहुनेको हकमा

सम्बन्धित स्थानीय तह वा वडाका लागि आकांक्षी उम्मेदवारहरूको प्रारम्भिक नामावली सार्वजनिक भएपछि कुनै पनि नागरिकलाई पार्टीको नयाँ सदस्यता प्राप्त गर्न वा सदस्यता नवीकरण गर्न कुनै बाधा पर्ने छैन। तर, उक्त कट-अफ मिति पछि सदस्यता प्राप्त गरेका वा नवीकरण गरेका सदस्यहरूले सो प्रारम्भिक निर्वाचनमा मतदान गर्न पाउने छैनन्।

### (२) पदीय भाराङ्क तथा मनोनयनमा मताधिकार नबढ्नेको हकमा

आकांक्षी उम्मेदवारहरूको प्रारम्भिक नामावली सार्वजनिक भएपछि पार्टीको कुनै पनि वडा, पालिका, जिल्ला, प्रदेश समिति वा केन्द्रीय विभाग/संरचनामा मनोनीत, नियुक्त वा पदोन्नति भएका व्यक्तिहरूले स्तरीकृत भाराङ्क प्रणालीअन्तर्गत नयाँ पदीय हैसियतको मताधिकार प्राप्त गर्ने छैनन्।

**स्पष्टीकरण:** यस्तो अवस्थामा कुनै व्यक्ति कट-अफ मितिभन्दा अगाडिदेखि नै जुन तहको मतदाता मण्डलमा कायम थियो, निजले सोही पूर्ववत् हैसियत र भाराङ्कमा मात्र मतदान गर्न पाउनेछ। नयाँ मनोनयन, नियुक्ति वा पदोन्नतिका आधारमा निजको मतभार वृद्धि हुने छैन।

### (३) भूगोल स्थानान्तरणमा रोक

प्रारम्भिक नामावली सार्वजनिक भएपछि अन्य वडा, पालिका वा जिल्लाबाट पार्टी सदस्यता वा मतदाता ठेगाना स्थानान्तरण गरी आएका सदस्यहरूले सम्बन्धित नयाँ भूगोलको प्रारम्भिक निर्वाचनमा मतदान गर्न पाउने छैनन्।

### (४) अन्तिम नामावलीको डिजिटल पहुँच र गोपनीयता

केन्द्रीय निर्वाचन आयोगले विधानको धारा ५०(३) बमोजिम मतदान सुरु हुनुअघि तीनवटै तहका मतदाताहरूको अन्तिम नामावली पार्टीको आधिकारिक मोबाइल एपमार्फत सर्चएबल डाटाबेस प्रणालीमा उपलब्ध गराउनेछ। पार्टीका आधिकारिक सदस्यहरूले मात्र उक्त एपमा नाम, जन्ममिति वा सदस्यता नम्बर प्रविष्ट गरी सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावलीमा कुनै व्यक्ति समावेश भए/नभएको सर्च गरेर हेर्न सक्नेछन्। उक्त डाटाबेसमा मतदाताको गोपनीयता सुरक्षित गर्न निजको सम्पर्क नम्बर लगायतका अन्य संवेदनशील व्यक्तिगत विवरणहरू पूर्ण रूपमा गोप्य वा मास्क्ड राखिनेछ।

## १८. उम्मेदवार छनोटको समग्र कार्यतालिका तथा मूल्याङ्कनको वैज्ञानिक शृङ्खला

देशभरका स्थानीय तह र वडाहरूमा सञ्चालन हुने उम्मेदवार छनोट प्रक्रियामा कुनै पनि प्रकारको मानवीय चलखेल, मनोवैज्ञानिक प्रभाव र गणितीय हेरफेरलाई पूर्ण रूपमा निषेध गर्न देहायबमोजिमको वैज्ञानिक कार्यतालिका प्रणाली लागू गरिनेछ:

### (१) मूल्याङ्कनको अनिवार्य शृङ्खला र डिजिटल लक

सबै भूगोलमा उम्मेदवार छनोटको प्रक्रिया एउटै कालक्रमिक शृङ्खलामा अघि बढ्नेछ। प्रारम्भिक निर्वाचनको मतदान सुरु हुनुअगावै सम्बन्धित आकांक्षीहरूको लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी र समावेशिता खण्डको सम्पूर्ण मूल्याङ्कन अनिवार्य रूपमा सम्पन्न गरी प्राप्त अङ्कलाई पार्टीको आधिकारिक डिजिटल प्रणाली/सर्भरमा डिजिटल लक गरिनेछ।

### (२) ब्लाइन्ड भोटिङ प्रणाली

मतदातामाथि पर्न सक्ने मनोवैज्ञानिक प्रभाव रोक्न र स्वच्छ मतदान सुनिश्चित गर्न उपदफा (१) बमोजिम डिजिटल लक गरिएका तीनवटै खण्ड-लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी र समावेशिताका प्राप्ताङ्कहरू प्रारम्भिक निर्वाचनको मतदान प्रक्रिया पूर्ण रूपमा सम्पन्न नभएसम्म आकांक्षी तथा मतदाता कसैलाई पनि थाहा नहुने गरी प्रणालीमा गोप्य वा सिल्ड राखिनेछ।

### (३) एकाइगत एकरूपता

देशभरको प्रारम्भिक निर्वाचन एकैदिन गर्न व्यवस्थापकीय रूपमा सम्भव नभए तापनि स्पिल-ओभर इफेक्ट अर्थात् एउटाको नतिजाले अर्कोलाई प्रभाव पार्ने अवस्था रोक्न एउटा पालिका- सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकाभित्रका सम्पूर्ण पदहरू, अर्थात् प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्ष तथा सबै वडाका वडा अध्यक्ष र सदस्यहरूको प्रारम्भिक निर्वाचन अनिवार्य रूपमा एकै दिन र एकै समयमा सञ्चालन गरिनेछ। फरक-फरक पालिका, जिल्ला वा प्रदेशको हकमा भने केन्द्रीय निर्वाचन आयोगले फरक मिति तय गर्न सक्नेछ।

### (४) उल्टो प्रभाव निषेध

प्रारम्भिक निर्वाचनको मतदान सुरु भइसकेपछि वा मतपरिणाम आइसकेपछि कुनै पनि बहानामा उम्मेदवारको लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी वा समावेशिता खण्डको अङ्कमा थपघट वा परिमार्जन गर्न पूर्ण रूपमा निषेध गरिनेछ। यस्तो परिमार्जन प्रणालीगत रूपमा प्रतिबन्धित हुनेछ।

### (५) एकमुष्ट नतिजा प्रकाशन

सम्बन्धित पालिकाको प्रारम्भिक निर्वाचनको मतदान र मतगणना सम्पन्न भइसकेपछि प्रणालीबाट डिजिटल लक खोलिनेछ। त्यसपछि चारवटै खण्डको प्राप्ताङ्कको जोडसहितको विस्तृत स्कोरकार्ड र अन्तिम नतिजा उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समितिबाट एकमुष्ट रूपमा मात्र सार्वजनिक गर्नेछ।

# परिच्छेद-७
# मूल्याङ्कन निकाय र संस्थागत व्यवस्था

## १९. मूल्याङ्कनको अधिकार बाँडफाँट तथा अङ्क प्रदान गर्ने निकाय

उम्मेदवारको समग्र मूल्याङ्कनलाई पूर्ण रूपमा तथ्यमा आधारित र वस्तुपरक बनाउन विभिन्न खण्डहरूको अङ्क प्रदान गर्ने अधिकार देहायबमोजिम केन्द्रीकृत र विकेन्द्रीकृत निकायहरूलाई प्रत्यायोजन गरिनेछ:

### (१) लिडरसिप एकेडेमी - २५% केन्द्रीकृत र विज्ञ-निर्देशित

उम्मेदवारको प्राज्ञिक क्षमता, नीतिगत स्पष्टता, वैचारिक बुझाइ र नेतृत्वका बहुआयामिक पक्षहरूको विशुद्ध वस्तुगत मूल्याङ्कन गर्न उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समितिले तोकेको केन्द्रीय समिति सदस्य, प्रतिनिधि सभा सदस्य र अन्य विज्ञहरू सहितको समूहले अङ्क प्रदान गर्ने निकायका रूपमा कार्य गर्नेछ। उक्त निकायले यही रूपरेखा अन्तर्गत बन्ने मापन विधिको परिधि भित्र रहेर गरिने परीक्षणपश्चात् प्रदान गरेको प्राप्ताङ्क सिधै केन्द्रीय सर्भरमा डिजिटल लक गरिनेछ।

### (२) पोलिटिकल प्रोक्सिमिटी - २५% मिश्रित मूल्याङ्कन

पोलिटिकल प्रोक्सिमिटीको मापनका लागि विभिन्न उम्मेदवार मूल्याङ्कन समिति गठन गरिनेछ। पदअनुसार मूल्याङ्कन समितिमा रहने व्यक्तिहरू फरक रहनेछन्। यद्यपि, स्वार्थको द्वन्द्व रोक्नका लागि जुन तहको उम्मेदवार छनोट गर्नुपर्ने हो, सोही तहको पार्टी समितिमा रहेका व्यक्तिहरू भने मूल्याङ्कन समितिमा रहन पाउने छैनन्। समिति गठनको संरचना निम्नानुसार रहनेछ:

**(क) पालिकाहरूको वडा सदस्यको हकमा:**

हरेक पालिकाको वडा सदस्यको मूल्याङ्कनका लागि एक समिति गठन गरिनेछ। यस समितिका निम्न प्रतिनिधिहरूले पोलिटिकल प्रोक्सिमिटी - २५% लाई १००% बनाई निम्न भाराङ्क अनुसार मूल्याङ्कन गर्नेछन्

- सम्बन्धित पालिका समिति - ४०%
- सम्बन्धित जिल्ला समिति - ३५%
- सम्बन्धित निर्वाचन क्षेत्र समिति - १५%
- सम्बन्धित निर्वाचन क्षेत्रको प्रदेश समिति सदस्य - १०%
  *(प्रदेश समिति सदस्य नभएका हकमा प्रदेश समितिले तोकेर पठाउने प्रतिनिधि दुई जना)*

**(ख) पालिकाहरूको वडा अध्यक्षको हकमा:**

हरेक पालिकाको वडा अध्यक्षको मूल्याङ्कनका लागि एक समिति गठन गरिनेछ। यस समितिका निम्न प्रतिनिधिहरूले पोलिटिकल प्रोक्सिमिटी - २५% लाई १००% बनाई निम्न भाराङ्क अनुसार मूल्याङ्कन गर्नेछन्

- सम्बन्धित पालिका समिति - २५%
- सम्बन्धित जिल्ला समिति - २५%
- सम्बन्धित निर्वाचन क्षेत्र समिति - १५%
- सम्बन्धित निर्वाचन क्षेत्रको प्रदेश समिति सदस्य - १०%
  *(प्रदेश समिति सदस्य नभएका हकमा प्रदेश समितिले तोकेर पठाउने प्रतिनिधि दुई जना)*
- सम्बन्धित केन्द्रीय समिति सदस्य र संघीय सांसदहरू - २५%

**(ग) गाउँपालिका तथा नगरपालिकाको प्रमुख (अध्यक्ष/मेयर) र उपप्रमुख (उपाध्यक्ष/उपमेयर) को हकमा:**

हरेक गाउँपालिका तथा नगरपालिकाको प्रमुख (अध्यक्ष/मेयर) र उपप्रमुख (उपाध्यक्ष/उपमेयर) को हकमा मूल्याङ्कनका लागि एक समिति गठन गरिनेछ। यस समितिका निम्न प्रतिनिधिहरूले पोलिटिकल प्रोक्सिमिटी - २५% लाई १००% बनाई निम्न भाराङ्क अनुसार मूल्याङ्कन गर्नेछन्

- सम्बन्धित पालिका समिति - २५%
- सम्बन्धित जिल्ला समिति - २५%
- सम्बन्धित निर्वाचन क्षेत्र समिति - १५%
- सम्बन्धित निर्वाचन क्षेत्रको प्रदेश समिति सदस्य - १०%
  *(प्रदेश समिति सदस्य नभएका हकमा प्रदेश समितिले तोकेर पठाउने प्रतिनिधि दुई जना)*
- सम्बन्धित केन्द्रीय समिति सदस्य र संघीय सांसदहरू - २५%

**(घ) उपमहानगरपालिका र महानगरपालिकाका प्रमुख र उपप्रमुखको हकमा:**

उपमहानगरपालिका र महानगरपालिकाका प्रमुख र उपप्रमुखको मूल्याङ्कन पार्टी सचिवालयले गर्नेछ।

(ङ) **विशेष तथा विविध व्यवस्थाहरू**

(अ) **समितिका सदस्यलाई हटाउन वा हेरफेर गर्न सक्ने:**

माथि जुनसुकै कुरा लेखिएको भए तापनि पदीय आचरण विपरीत काम गरेका मूल्याङ्कन समितिका कुनै पनि व्यक्तिलाई उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समितिले समितिबाट हटाउन सक्नेछ।

(आ) **स्वार्थ बाझिने अवस्था सम्बन्धी व्यवस्था:**

कुनै पनि उम्मेदवार बन्न इच्छुक व्यक्ति आफू उठ्न चाहेको सम्बन्धित पदको मूल्याङ्कन समितिमा बस्न पाउने छैन।

(इ) **डिजिटल प्रणालीमार्फत स्वतन्त्र मूल्याङ्कन :**

मूल्याङ्कन प्रक्रियामा हुन सक्ने अनुचित प्रभाव रोक्न मूल्याङ्कन समितिका सदस्यहरूले पार्टीको आधिकारिक मोबाइल एप वा डिजिटल प्रणालीमार्फत तोकिएको ढाँचा र समयभित्र एक्लाएक्लै उम्मेदवारहरूको मूल्याङ्कन गर्नेछन्। सदस्यहरूले प्रदान गरेको अङ्कलाई डिजिटल प्रणालीले नै स्वचालित रूपमा गणना गरी अन्तिम नतिजा निकाल्नेछ।

(ई) **प्राविधिक सहजीकरण डेस्क :**

आवश्यकताका आधारमा मूल्याङ्कन समिति सदस्यहरूको सहजताका लागि पार्टीले 'प्राविधिक सहजीकरण डेस्क' स्थापना गर्नेछ। उक्त डेस्कमा खटिएका प्राविधिक प्रतिनिधिहरूले सदस्यहरूलाई डिजिटल प्रणाली प्रयोग गर्न सहयोग गर्नेछन्।

(उ) **गोपनीयता र अनुशासन :**

मूल्याङ्कन समिति सदस्यले अन्तिम नतिजा प्रकाशन नभएसम्म आन्तरिक मूल्याङ्कनको कुनै पनि विवरण सार्वजनिक गर्न पाउने छैनन्। गोपनीयता भङ्ग गर्ने वा अवाञ्छित प्रभाव पार्न खोज्ने मूल्याङ्कन समिति सदस्यलाई विधान बमोजिम कारबाही हुनेछ।

(३) **समावेशिता १०% स्वचालित र प्रणाली-निर्देशित**

यस खण्डमा कुनै पनि व्यक्ति वा समितिले तजबिजी अधिकार प्रयोग गरेर अङ्क दिन पाउने छैन। उम्मेदवारले आफ्नो अनलाइन प्रोफाइलमा प्रविष्ट गरेको जन्ममिति, नागरिकता, लिङ्ग र प्रमाणित समावेशी कागजातहरूका आधारमा सम्बन्धित समितिले कागजात प्रमाणीकरण गरेपछि तोकिएको रुब्रिक्सका आधारमा पार्टीको डिजिटल प्रणालीले नै स्वचालित रूपमा उम्मेदवारको अङ्क जोडिदिनेछ।

(४) **प्रारम्भिक निर्वाचन - ४०% केन्द्रीय निर्वाचन आयोगद्वारा सञ्चालित**

विधानको धारा ४९ र ५०(२)-(३) बमोजिम प्रारम्भिक निर्वाचनको मतदाता नामावली, मतदान, मतगणना र नतिजा प्रकाशनको सम्पूर्ण जिम्मेवारी पार्टीको केन्द्रीय निर्वाचन आयोगको हुनेछ। मतदाता

मण्डलअनुसारको मतभार र कुल मतदाता-पार्टी सदस्य अनुपातअनुसारको गतिशील भाराङ्क पार्टीको डिजिटल प्रणालीले स्वचालित रूपमा गणना गर्नेछ; कुनै पनि समिति वा व्यक्तिले यसमा तजबिजी अङ्क थपघट गर्न पाउने छैन।

**(५) छनोट समितिमा संलग्न हुन निषेध:**

यदि कुनै व्यक्ति आफैं उम्मेदवारको रूपमा प्रतिस्पर्धा गरिरहेको छ वा कुनै उम्मेदवारसँग विधानको धारा ७(१)(ग) बमोजिमको पारिवारिक नाता वा नजिकको व्यावसायिक सम्बन्ध छ भने, त्यस्तो व्यक्ति मूल्याङ्कन समितिमा बस्न पाउने छैन।

## २०. उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समिति

पार्टी केन्द्रीय समितिबाट पारित स्थानीय तह उम्मेदवार छनोट रूपरेखालाई अक्षरशः र प्रभावकारी रूपमा कार्यान्वयन गर्न पूर्ण क्षेत्राधिकारसहित एउटा उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समिति गठन गरिनेछ। यस समितिले आफ्नो सम्पूर्ण कार्यसम्पादन तथा निर्णयहरूको प्रतिवेदन नियमित रूपमा पार्टी सचिवालयमा पेस गर्नेछ र केन्द्रीय समितिप्रति प्रत्यक्ष रूपमा जवाफदेही हुनेछ।

**(१) समितिको कार्यक्षेत्र र अधिकार**

**(क) रूपरेखाको एकरूपता र देशव्यापी कार्यान्वयन:** पारित उम्मेदवार छनोट रूपरेखालाई केन्द्रदेखि वडा तहसम्म कुनै सम्झौता नगरी एकरूपताका साथ लागू गराउने। स्थानीय विशिष्टताका नाममा रूपरेखाको मूल मर्म र स्थापित मापदण्डमा कुनै पनि प्रकारको विचलन आउन नदिने सम्पूर्ण अभिभारा यस समितिको हुनेछ।

**(ख) उपसमितिहरूको निर्माण, समन्वय र परिचालन:** रूपरेखा कार्यान्वयनको सिलसिलामा कार्यप्रकृतिका आधारमा आवश्यकताअनुसार विभिन्न विषयगत उपसमितिहरू निर्माण गर्ने। त्यस्ता उपसमितिहरूलाई स्पष्ट कार्यदेशसहित परिचालन गर्ने र तिनीहरूबीचको कार्यसम्पादनमा उच्चस्तरीय समन्वय कायम गर्ने। आवश्यकताका आधारमा प्रदेश, जिल्ला तथा पालिका तहमा विभिन्न तहगत उपसमितिहरूको गठन गर्न सकिनेछ।

**(ग) कार्यतालिका र समयसीमा व्यवस्थापन:** रूपरेखामा उल्लेख भएबमोजिमका सम्पूर्ण प्रक्रियाहरूलाई निश्चित समयभित्रै सम्पन्न गर्न स्पष्ट कार्यतालिकासहितको कार्यान्वयन क्यालेन्डर निर्माण गर्ने र त्यसलाई बाध्यात्मक रूपमा लागू गराउने।

**(घ) संरचनागत समन्वय र कार्यसम्पादन:** रूपरेखा सम्पन्न गर्न आवश्यक पर्ने सम्पूर्ण कार्यहरूको नेतृत्व गर्ने र त्यसका लागि पार्टीका प्रदेश, जिल्ला, पालिका र वडा तहका सम्पूर्ण आधिकारिक संरचनाहरूसँग प्रत्यक्ष समन्वय गरी कामलाई नतिजामुखी बनाउने।

**(ङ) गुणस्तर नियन्त्रण र विशेष हस्तक्षेप:** उम्मेदवार छनोट प्रक्रिया तोकिएको मापदण्डभन्दा बाहिर गएर प्रभावित गर्न खोजिएमा वा रूपरेखा मिचिएमा त्यसलाई तत्काल खारेज वा रोक्न सक्ने गरी विशेष हस्तक्षेप गर्ने पूर्ण अधिकार यस समितिलाई हुनेछ।

(च) **विवाद समाधान र गुनासो व्यवस्थापन:** छनोट प्रक्रियाको कुनै पनि चरणमा उत्पन्न हुने विवाद वा आकांक्षीहरूका गुनासोहरूलाई रूपरेखाको परिधिभित्रै रहेर द्रुत गतिमा सम्बोधन गर्ने। यसका लागि सम्बन्धित तहको पार्टी संरचनालाई आवश्यक समन्वय र निर्देशन गर्ने।

(छ) **प्रविधि सञ्चालन तथा तथ्याङ्क व्यवस्थापन:** समग्र उम्मेदवार छनोट प्रक्रियालाई पारदर्शी, निष्पक्ष र तथ्यपरक बनाउन केन्द्रीयस्तरमा एकीकृत डिजिटल प्रणाली सञ्चालन गर्ने र नीतिगत निर्णयहरूलाई पूर्ण रूपमा तथ्याङ्कमा आधारित बनाउने।

(ज) **अन्तिम प्रमाणीकरण र वैधानिकता परीक्षण:** विभिन्न चरण पार गरेर आएका उम्मेदवारहरूको अन्तिम सूची पार्टीको विधान, निर्वाचन कानुन र समावेशी समानुपातिक मापदण्डअनुरूप भए/नभएको प्राविधिक तथा कानुनी परीक्षण गर्ने। वैधानिकता पुगेका उम्मेदवारहरूलाई पार्टीको आधिकारिक उम्मेदवारका रूपमा अन्तिम प्रमाणीकरण गर्ने।

(झ) **केन्द्रीय आयोगहरूसँग समन्वय र दिशानिर्देश:** निर्वाचन आचारसंहिता, कानुन र पार्टी अनुशासनको परिधिभित्र रहेर काम गर्नका लागि पार्टीको केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय अनुशासन आयोगसँग निरन्तर समन्वय गर्ने र आवश्यक नीतिगत दिशानिर्देश गर्ने।

### (२) समितिको संरचना

यस समितिलाई निर्णय क्षमतामा सुदृढ र कार्यसम्पादनमा छरितो बनाउन पार्टी सचिवालयबाट अनुमोदन हुने गरी देहायबमोजिमको २१ सदस्यीय संरचना गठन गरिनेछ:

(क) **संयोजक १ जना:** पार्टीका पदाधिकारीहरूमध्येबाट पार्टी सचिवालयले तोकेको व्यक्ति।

(ख) **सदस्यहरू १३ जना:** प्रादेशिक र समावेशी सन्तुलन मिलाई विधानको धारा ७(८) बमोजिम समितिको कुल सदस्य सङ्ख्यामा कम्तीमा ३३ प्रतिशत महिला र कम्तीमा ३३ प्रतिशत युवा (४० वर्षमुनि) को प्रतिनिधित्व हुने गरी पार्टीका केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्यहरूमध्येबाट पार्टी सचिवालयले मनोनीत गरेका व्यक्तिहरू।

(ग) **पदेन सदस्य ७ जना:** सातै प्रदेशका पार्टी सभापतिहरू।

(घ) **सदस्य-सचिव:** संयोजकले पदेन बाहेकका १३ जना सदस्यमध्येबाट एक जनालाई सदस्य-सचिव तोक्नेछन्। (सदस्य-सचिव माथिका १३ जनाभित्रै गणना हुने भएकाले समितिको कुल सङ्ख्या २१ नै रहनेछ।)

### (३) बाह्य विज्ञको आमन्त्रण

समितिले आफ्नो कार्यसम्पादनका क्रममा सूचना प्रविधि, निर्वाचन कानुन, तथ्याङ्क विश्लेषण वा अन्य कुनै विशिष्ट विषयमा आवश्यकता महसुस गरेमा विषयगत विज्ञता भएका बाह्य विज्ञहरूलाई समितिको बैठकमा आमन्त्रित सदस्य वा सल्लाहकारका रूपमा सहभागी गराउन सक्नेछ।

## २१. स्रोत व्यवस्थापन तथा वित्तीय पारदर्शिता

(१) यो उम्मेदवार छनोट प्रक्रिया केवल प्रशासनिक अभ्यास मात्र नभई पार्टीभित्र विधि, पारदर्शिता र संस्थागत सुशासन स्थापित गर्ने महत्त्वपूर्ण राजनीतिक प्रक्रिया हो। त्यसैले यस प्रक्रियालाई व्यवस्थित, निष्पक्ष, प्रविधिमैत्री र प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक पर्ने आर्थिक स्रोतको सुनिश्चितता गर्ने जिम्मेवारी पार्टीले लिनेछ।

(२) यस प्रयोजनका लागि उम्मेदवार छनोट रूपरेखाअन्तर्गत विभिन्न शीर्षकमा सङ्कलन हुने आवेदन शुल्क, लिडरसिप एकेडेमी शुल्क लगायतका स्रोतबाट प्राप्त सम्पूर्ण आयलाई यसै रूपरेखाको कार्यान्वयन, प्रशिक्षण, प्रविधि सञ्चालन, तथ्याङ्क व्यवस्थापन, निर्वाचन व्यवस्थापन, अनुगमन तथा प्रशासनिक समन्वयमा मात्र खर्च गरिनेछ। यसरी सङ्कलित रकमलाई पार्टीको नियमित राजनीतिक गतिविधि वा अन्य असम्बन्धित प्रयोजनमा खर्च गरिने छैन। उम्मेदवार छनोट रूपरेखाअन्तर्गत विभिन्न शीर्षकमा सङ्कलन हुने स्रोतले नपुगेको अवस्थामा सम्पूर्ण प्रक्रियाको अन्य स्रोत व्यवस्थापनको जिम्मा पार्टीले लिनेछ।

(३) यस प्रक्रियासँग सम्बन्धित सम्पूर्ण आर्थिक कारोबार, आम्दानी, खर्च, भुक्तानी, अभिलेख, बिल-भर्पाइ, वित्तीय प्रतिवेदन र अन्तिम लेखापरीक्षण पार्टीको नियमबमोजिम गरिनेछ। प्रत्येक आर्थिक निर्णय स्पष्ट अभिलेख, स्वीकृत प्रक्रिया र संस्थागत उत्तरदायित्वको आधारमा गरिनेछ।

(४) उम्मेदवार छनोटजस्तो संवेदनशील राजनीतिक प्रक्रियामा आर्थिक अपारदर्शिता, प्रभाव, पहुँच वा अनुचित आर्थिक चलखेलले कुनै पनि स्थान नपाओस् भन्ने उद्देश्यले पार्टीले वित्तीय अनुशासनलाई यस रूपरेखाको अनिवार्य अंगका रूपमा लिनेछ। स्रोत व्यवस्थापनमा मितव्ययिता, पारदर्शिता, जवाफदेहिता र लेखापरीक्षणीय स्पष्टता कायम गर्दै पूर्ण संस्थागत सुशासन सुनिश्चित गरिनेछ।

# परिच्छेद-८

# आचारसंहिता, दण्ड सजाय र विशेष व्यवस्था

## २२. उम्मेदवार छनोट आचारसंहिता तथा दण्ड - सजायसम्बन्धी विशेष व्यवस्था

पार्टीको आन्तरिक लोकतन्त्रलाई सुदृढ गर्न, उम्मेदवार छनोट प्रक्रियाप्रति सदस्य तथा नागरिकको विश्वास कायम राख्न र स्थानीय तहको उम्मेदवार छनोटलाई पूर्ण रूपमा पारदर्शी, निष्पक्ष, मर्यादित र विधिसम्मत बनाउन शून्य सहनशीलताको नीतिसहित देहायबमोजिमको आचारसंहिता तथा दण्ड-सजायसम्बन्धी विशेष व्यवस्था लागू गरिनेछ।

### (१) आर्थिक लेनदेन तथा चलखेलमा पूर्ण प्रतिबन्ध

उम्मेदवारी प्राप्त गर्ने वा गराउने उद्देश्यले, मूल्याङ्कनलाई प्रभावित पार्ने गरी कुनै पनि प्रकारको आर्थिक लेनदेन, चन्दा, सहयोग, उपहार, सुविधा, प्रत्यक्ष वा परोक्ष प्रलोभन, वा अन्य भौतिक लाभ दिन-लिन पूर्ण रूपमा निषेध गरिएको छ। उम्मेदवार छनोट प्रक्रियामा पैसाको प्रभाव, पहुँचको दुरुपयोग वा सौदाबाजीले कुनै स्थान पाउने छैन। यस्तो आर्थिक चलखेल वा अनुचित लेनदेनमा संलग्न लिने र दिने दुवै पक्षलाई विधानको धारा ४५ बमोजिम सफाइको मौका दिई सदस्यता खारेजीसम्मको कारबाही गरिनेछ (आवश्यक परे धारा ४५(३)(ख) बमोजिम तत्काल अल्पकालीन निलम्बन गरिनेछ)।

### (२) आन्तरिक मतदान तथा मूल्याङ्कनमा धाँधलीविरुद्ध कडा कारबाही

उम्मेदवार छनोट रूपरेखाअन्तर्गत क्यान्डिडेट क्लब, लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटी मूल्याङ्कन, समावेशिता अङ्क, प्रारम्भिक निर्वाचन वा अन्य कुनै पनि चरणमा हुने आन्तरिक मतदान, तथ्याङ्क सङ्कलन, प्रमाणीकरण वा स्कोरकार्ड प्रणालीमा जाली मत खसाल्ने, तथ्याङ्क तोडमोड गर्ने, प्रणालीमा अनधिकृत पहुँच गर्ने, नक्कली कागजात प्रयोग गर्ने वा कुनै पनि प्रकारको अनुचित प्रभाव पार्ने कार्यलाई गम्भीर निर्वाचन धाँधली मानिनेछ। यस्तो कार्यमा संलग्न जो-कोही व्यक्तिलाई विधानको धारा ४५ बमोजिम सदस्यता खारेजीसम्मको कारबाही गरिनेछ र आवश्यक परे प्रचलित कानुनबमोजिम थप कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

### (३) छनोट समितिमा संलग्न पदाधिकारी तथा सदस्यहरूको आचरण

केन्द्रदेखि वडा तहसम्म गठन भएका उम्मेदवार छनोट समिति, मूल्याङ्कन समिति, उपसमिति वा कार्यदलमा रहेका कुनै पनि पदाधिकारी वा सदस्यले आफ्नो पदीय मर्यादा, निष्पक्षता र संस्थागत जिम्मेवारी विपरीत कार्य गरेमा, कुनै उम्मेदवारप्रति पक्षपात गरेमा, अनुचित प्रभावमा परेमा, गोप्य सूचना चुहाएमा, प्रक्रियाको गोपनीयता भङ्ग गरेमा वा निर्णय प्रक्रियालाई विकृत बनाउन खोजेमा त्यसलाई गम्भीर अनुशासनहीनता मानिनेछ। यस्तो कार्य गर्ने पदाधिकारी वा सदस्यलाई तत्काल सम्पूर्ण जिम्मेवारीबाट हटाइनेछ र विधानको धारा ४५ बमोजिम सदस्यता खारेजीसम्मको अनुशासनात्मक कारबाही गरिनेछ।

## (४) गुटबन्दी, दुष्प्रचार र चरित्र हत्यालाई गम्भीर अनुशासनहीनता मानिने

उम्मेदवारीको पक्षमा माहोल बनाउन पार्टीको आधिकारिक संयन्त्रबाहिर गुटगत भेला गर्ने, समानान्तर संरचना खडा गर्ने, दबाब समूह निर्माण गर्ने, पार्टीका आधिकारिक निर्णय प्रक्रियालाई अवरुद्ध गर्न खोज्ने, वा अन्य आकांक्षी, पार्टी संरचना वा मूल्याङ्कन संयन्त्रविरुद्ध सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा भ्रामक सूचना, मिथ्या आरोप, दुष्प्रचार वा चरित्र हत्या गर्ने कार्यलाई अनुशासनको गम्भीर उल्लङ्घन मानिनेछ।

राजनीतिक प्रतिस्पर्धा स्वस्थ, मर्यादित र विचार-केन्द्रित हुनुपर्छ; व्यक्तिहत्यात्मक, गुटगत र विधिविरोधी अभ्यासलाई पार्टीभित्र कुनै स्थान दिइने छैन। यस्तो कार्यमा संलग्न आकांक्षीको उम्मेदवारी प्रक्रिया तत्काल खारेज गरी अनुशासनको कारबाही अघि बढाइनेछ।

## (५) कार्यान्वयन र प्रमाणको आधार

माथि उल्लेखित कुनै पनि बुँदामा कारबाही अघि बढाउँदा केवल आरोप, अनुमान वा उजुरीका भरमा निर्णय गरिने छैन। आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी प्राप्त हुनासाथ पार्टीको केन्द्रीय अनुशासन आयोगले द्रुत छानबिन संयन्त्रमार्फत तत्काल अनुसन्धान गर्नेछ।

छानबिनका क्रममा प्राप्त तथ्य, प्रमाण, डिजिटल अभिलेख, साक्ष्य, कागजात, प्रत्यक्षदर्शी बयान वा अन्य प्रमाणित आधारबाट आरोप पुष्टि भएको खण्डमा मात्र सम्बन्धित व्यक्तिलाई कारबाहीको अन्तिम किनारा लगाइनेछ। यसरी भएको कारबाहीउपर विधानको धारा ५७ बमोजिम ३५ दिनभित्र पुनरावेदन गर्न सकिनेछ।

यस व्यवस्थाको उद्देश्य कसैलाई प्रतिशोधात्मक कारबाही गर्नु होइन; उम्मेदवार छनोट प्रक्रियालाई स्वच्छ, विश्वासयोग्य, विधिसम्मत र पार्टीको लोकतान्त्रिक चरित्रअनुरूप सुरक्षित राख्नु हो।

# परिच्छेद-९
# विविध

## २३. उजुरी र पुनरावेदन

(१) योग्यता परीक्षण, ल्याटरल इन्ट्री, लिडरसिप एकेडेमीको नतिजा, अङ्क गणना वा उम्मेदवार छनोटसम्बन्धी अन्य निर्णयमा चित्त नबुझ्ने आकांक्षीले त्यस्तो निर्णय सार्वजनिक भएको सात दिनभित्र कारणसहित कार्यान्वयन समितिमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीउपर कार्यान्वयन समितिले उजुरी परेको सात दिनभित्र कारणसहितको निर्णय गरी उजुरीकर्तालाई जानकारी दिनुपर्नेछ।

## २४. झुटो विवरणको परिणाम

आकांक्षीले पेस गरेको कुनै विवरण, कागजात वा स्वघोषणा झुटो ठहरिएमा छनोटको जुनसुकै चरणमा, उम्मेदवारको अन्तिम प्रमाणीकरणपछि समेत, निजको उम्मेदवारी खारेज हुनेछ र निजउपर विधानको धारा ४५ बमोजिम कारबाही हुनेछ।

## २५. व्यक्तिगत तथ्याङ्कको संरक्षण

यस रुपरेखा बमोजिम सङ्कलन भएका आकांक्षी तथा मतदाताका व्यक्तिगत विवरण विधानको धारा ७ को उपधारा (२) को खण्ड (ग) बमोजिम सुरक्षित राखिनेछ र उम्मेदवार छनोटको प्रयोजनबाहेक अन्य प्रयोजनमा प्रयोग गरिने छैन।

## २६. कार्यविधि र अनुसूची

यस रुपरेखा को अधीनमा रही आवेदन तथा स्वघोषणाको ढाँचा, लिडरसिप एकेडेमीको परीक्षण विधि, पोलिटिकल प्रोक्सिमिटी मूल्याङ्कनको रुब्रिक, समावेशिताका प्रमाण, अन्तिम अङ्क गणनाको सूत्र, कार्यतालिका र शुल्कसम्बन्धी आवश्यक कार्यविधि वा अनुसूची कार्यान्वयन समितिले स्वीकृत गरी लागू गर्नेछ र त्यसको जानकारी पार्टी सचिवालयमार्फत केन्द्रीय समितिलाई दिनेछ।

## २७. व्याख्या

यस रुपरेखा को कुनै व्यवस्थाको व्याख्यामा द्विविधा उत्पन्न भएमा उक्त व्यवस्थाको व्याख्या कार्यान्वयन समिति मार्फत गरिनेछ।

## २८. विधानसँग बाझिएमा

यस रुपरेखा को कुनै व्यवस्था विधानसँग बाझिएमा विधानको धारा ८३ को उपधारा (३) बमोजिम बाझिएको हदसम्म अमान्य हुनेछ।

## २९. विशेष व्यवस्था

उम्मेदवार छनोट रूपरेखामा जुनसुकै कुरा लेखिएको वा व्यवस्था भएको भए तापनि पार्टीको पार्टी सचिवालयले केन्द्रीय समितिबाट अनुमोदन गराउने गरी उम्मेदवार छनोटमा अधिकतम १५ प्रतिशतमा नबढ्ने गरी विशेषाधिकार प्रयोग गर्न सक्नेछ। १५ प्रतिशतको यस्तो विशेषाधिकार प्रयोग निम्नानुसार मात्र गर्न मिल्नेछ।

| | |
|---|---|
| गाउँपालिकाको वडा अध्यक्षको हकमा | १५% |
| गाउँपालिकाको उपप्रमुखको हकमा | १५% |
| गाउँपालिकाको प्रमुखको हकमा | १५% |
| नगरपालिकाको वडा अध्यक्षको हकमा | १५% |
| नगरपालिकाको उपप्रमुखको हकमा | १५% |
| नगरपालिकाको प्रमुखको हकमा | १५% |
| उपमहानगरपालिकाको वडा अध्यक्षको हकमा | १५% |
| उपमहानगरपालिकाको उपप्रमुखको हकमा | १५% |
| उपमहानगरपालिकाको प्रमुखको हकमा | १५% |
| महानगरपालिकाको वडा सदस्यको हकमा | १५% |
| महानगरपालिकाको वडा अध्यक्षको हकमा | १५% |
| महानगरपालिकाको उपप्रमुखको हकमा | १५% |
| महानगरपालिकाको प्रमुखको हकमा | १५% |

## ३०. रूपरेखाको बाध्यात्मक व्यवस्था तथा असाधारण परिस्थिति

यस स्थानीय तह उम्मेदवार छनोट रूपरेखा पार्टीबाट अनुमोदन भई लागू भइसकेपछि यसमा निर्धारित विधि र प्रक्रियाभन्दा बाहिर गएर उम्मेदवार छनोट गर्नुपर्ने असाधारण परिस्थिति सिर्जना भएमा त्यस्तो निर्णयका लागि पार्टी केन्द्रीय समितिको तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुई-तिहाइ बहुमतबाट अनुमोदन हुनु अनिवार्य हुनेछ। यसरी उम्मेदवार छनोट गर्ने परिप्रेक्ष्यमा पनि पार्टीको विधानले भने बमोजिम क्यान्डिडेट क्लब, लिडरसिप एकेडेमी र प्रारम्भिक निर्वाचन (विधानको धारा ७(३), ६४ र ६५) सहितको उम्मेदवार छनोट रूपरेखाको अर्को प्रारूप अनिवार्य रहनेछ।

।। धन्यवाद ।।